
# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ४० पूर्णाङ्क २७८ | २०७८ चैत २८ गते सोमबार | Monday, 11 April, 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## केन्द्रीय सल्लाहकार कमरेड गम्भीरप्रति हार्दिक श्रद्धाञ्जली अर्पण



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टीका केन्द्रीय समितिका सल्लाहकार कुलराज ज्ञवाली (कमरेड गम्भीर)को निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ । पार्टीका महासचिव मोहन वैद्य किरणले जारी गरेको शोक वक्तव्यमा भनिएको छ, 'यस दुःखद घडीमा हाम्रो पार्टी क. गम्भीरप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँका सम्पूर्ण शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।'

वक्तव्यमा भनिएको छ, 'यही २०७८ चैत्र २२ गते आकस्मिक निधन बाँकी २ पेजमा

# 'असफल संसदीय व्यवस्था, श्रीलंकाको बाटोमा अर्थतन्त्र

काठमाडौं । संसदीय व्यवस्था भ्रष्टाचार र कमिसनले बद्नाम छ । प्रधानमन्त्रीदेखि सरकारका मन्त्री, सांसदहरू अनि कर्मचारी प्रशासनका अधिकारीहरू सबै आफ्नो सार्वजनिक पदीय हैसियतको चरम दुरूपयोग गर्दै भ्रष्टाचार र कमिसनमा लिप्त हुने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन् । मुलुकमा विद्यमान आर्थिक समस्याहरू समाधानतर्फ भन्दा पनि स्वार्थसिद्धितिर सम्पूर्ण ध्यान केन्द्रित हुँदा मुलुकमा गम्भिर आर्थिक संकट उत्पन्न हुन पुगेको अर्थविद्हरूले बताउँदै आएका छन् । र, आर्थिक समस्याहरूलाई समाधानका लागि राज्य गम्भिर नभए मुलुकमा श्रीलंकाको जस्तै आर्थिक संकट पैदा हुने चेतावनी अर्थविद्हरूले दिंदै आएका छन् ।

नेपाल सरकारका वर्तमान अर्थमन्त्री जनार्दन शर्मा प्रभाकरले राष्ट्रबैंकका गभर्नरलाई बर्खास्त गरेपछि अर्थतन्त्र अझ संकटतर्फ धकेलिने विश्लेषण भइरहेको छ । गभर्नर प्रकरणको व्यापक विरोध पनि भइरहेको छ । तत्कालीन एमाले नेतृत्वको सकारको पालामा नियुक्त गरिएका गभर्नर महाप्रसाद अधिकारीलाई बर्खास्त गरेपछि सत्तागठबन्धन र विपक्षी दल एमालेका बीच एकले अर्कालाई भ्रष्टाचारी र कमिसनखोरीको आरोप बर्साइरहेका छन् र कतिपय तथ्यहरू पनि सामुन्नेमा आएका छन् । संकटग्रस्त अर्थतन्त्र सम्हाल्न खोज्दा सरकारले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्नुपरेको दाबी गरेको छ । अर्थ मन्त्रालयले गभर्नर अधिकारीमाथि मुख्य तीन आरोप लगाएको छ- राष्ट्र बैंकका अति गोप्य सूचना चुहाएको, व्यवस्थापकीय जिम्मेवारी पूरा गर्न नसकेको र राष्ट्र बैंकको उद्देश्यअनुसार तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको ।

गभर्नर अधिकारीले विलासिताका गाडी, सुनलगायत कम आवश्यकताका करिब तीन सय प्रकार वस्तु आयातमा कडा गरेका थिए । घट्न थालेको विदेशी विनियम सञ्चितिका लागि यस्तो कदम चालेका थिए । यसले बैंकिङ प्रणालीमा देखिएको लगानी योग्य पुँजी (तरलता) अभावलाई नियन्त्रण गर्न मद्दत मिल्ने अपेक्षा लिइएको थियो । तर यसप्रति अर्थमन्त्री जनार्दन शर्मा रुष्ट भएको स्रोतको दाबी छ ।

अर्थमन्त्री शर्माले अछामका व्यापारी पृथ्वीबहादुर शाहको खातामा कानुनविपरीत अमेरिकाबाट आएको शंकास्पद ४० करोडभुक्तानी दिन दबाब दिएका थिए । उक्त रकम भित्र्याउन उनले सहजीकरणसमेत गरिदिएका थिए । यो रकम राष्ट्र बैंकले रोक्का गरेको थियो । अमेरिकाबाट आएको शंकास्पद ४० करोड छुटाउन अर्थमन्त्री नै लागेका थिए ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राष्ट्र बैंकले अनुसन्धान गरिरहेको यो रकमको विषय सार्वजनिक भएपछि अर्थमन्त्री शर्मा गभर्नर अधिकारीसँग झन् चिढिएका थिए । यी विषयमा सूचना चुहाएको आरोप गभर्नरमाथि लगाएर निलम्बन गरिएको स्रोतको दाबी छ ।

श्रीलंका, टर्की, पाकिस्तानजस्ता मुलुक बाह्य क्षेत्रमा दबाब परेर आर्थिक संकट भोगिरहेको, हामीले समयमै सतर्कता नअपनाएमा त्यही अवस्था आउन सक्छ । नेपालको बाह्य क्षेत्र दबाबमा छ, बेलैमा बुद्धि पुऱ्याएन भने तिनै मुलुक जस्तो हुन सक्छ भनेर एउटा सार्वजनिक कार्यक्रममा गभर्नर अधिकारीले अभिव्यक्ति दिंदा त्यसको प्रतिवाद गर्दै अर्थमन्त्री बाँकी ७ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी) कास्की जिल्ला समितिको आयोजनामा ३३औं जनआन्दोलन दिवस सम्पन्न




कास्की । कास्की जिल्लाको पोखरामा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) कास्की जिल्ला समितिको आयोजनामा ३३औं जनआन्दोलन दिवस सम्पन्न भएको छ । बाँकी २ पेजमा

## नगेन्द्र राई, निलबहादुर पुन र कुमार बोगटी क्रान्तिकारी माओवादीबाट निस्कासित

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का पीबीएम क. नगेन्द्र राई (लाल बहादुर), केससहरू क. निल बहादुर पुन (हिरा) र क. कुमार बोगटी (विकल्प)लाई नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टी, जबस मोर्चाको सम्पूर्ण जिम्मेवारीबाट साधारण सदस्य समेत नरहने गरी निस्कासित गरेको छ । बाँकी २ पेजमा

## निर्वाचन बहिस्कार आन्दोलनसँगै मनाइयो ३३औं जनआन्दोलन दिवस

❑ अनु निरौला, जय दाहाल




काठमाडौं । चैत्र २४ लाई राष्ट्रिय जनआन्दोलन दिवसको रूपमा प्रत्येक वर्ष मनाउँदै आएको नेकपा (क्रान्तिकारी माओवादी)ले ३३ औं जनआन्दोलन दिवस देशैभर विभिन्न कार्यक्रमको आयोजना गरी भव्य रूपमा मनाएको छ । काठमाडौं उपत्यकामा पार्टीको प्रदेश ३ ले '३३ औं जनआन्दोलन दिवस समारोह'को आयोजना गऱ्यो । रत्नपार्क शान्तिबाटिकामा आयोजना गरिएको कार्यक्रमलाई पार्टीका स्थायी समिति सदस्य परि थापा, पार्टी केन्द्रीय सदस्यद्वय शारदा महत र बसन्त बोगटीले सम्बोधन गर्नुभएको थियो ।

पार्टीका पिविएम पवनमान श्रेष्ठको अध्यक्षता तथा अर्का पिविएम तथा प्रदेश सेक्रेटरी सुरेश श्रेष्ठको सञ्चालनमा सम्पन्न कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका नेता थापाले ०४६ सालको जनआन्दोलनको सविस्तार चर्चा गर्दै कम्युनिस्ट क्रान्तिकारीहरूले बाँकी २ पेजमा

## बर्दियामा पार्टी पुनर्मिलन तथा प्रशिक्षण कार्यक्रम सम्पन्न




बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति बर्दियाले जुलुस प्रदर्शन र कोणसभा सम्पन्न गरे लगत्तै एउटा हलमा पार्टी पुनर्मिलन तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

विभिन्न पार्टी परित्याग गरी दर्जनौं नेता कार्यकर्ताहरू मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । उक्त कार्यक्रमको अध्यक्षता बर्दिया जिल्ला सचिव कमरेड सर्वहारा विद्रोहीले गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि पार्टीका पिवीएम एवं लुम्बिनी प्रदेश सचिव कमरेड भुपेन्द्र न्यौपाने हुनुहुन्थ्यो भने अतिथिहरू क्रमश पार्टीका केन्द्रीय सदस्य तथा बर्दिया जिल्ला इन्चार्ज कमरेड बिपीन रोकाय र जिल्ला सल्लाहकार समिती संयोजक कमरेड विप्लव लगायत कमरेडहरू हुनुहुन्थ्यो ।

पुनर्मिलन कार्यक्रममा नेकपा नेता तथा नेकपा (माओवादी) पूर्व राज्य समिति सदस्य एवं जनमुक्ति सेनाका कम्पनी कमान्डर कमरेड हिरा सिंह नेपाली , नेता एवं पत्रकार टेकबहादुर परियार र नेकपा (एमाले) का नेता सुरेश आचार्य एकतावद्ध हुनु भएको छ । उहाँहरूलाई कार्यक्रमका प्रमुख अतिथि एवं नेता न्यौपानेले खादा ओढाएर स्वागत गर्दै पार्टीमा प्रवेश गराउनु भएको थियो ।

## टोखा, तारकेश्वर र बुढानिलकण्ठ नगरपालिकाहरूमा स्थानीय निर्वाचन बहिष्कार कार्यक्रम गर्ने निर्णय

काठमान्डौ ।

कथित स्थानीय निर्वाचन-२०७९ बहिष्कार गरौ ।

देश र जनताको एक मात्र पहरेदार नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले स्थानीय निर्वाचन बहिष्कार गर्ने निर्णय गरे अनुरूप आज मिति २०७८ साल चैत्र २५ गते टोखा, तारकेश्वर र बुढानिलकण्ठ नगरपालिकाहरूको संयुक्त बैठक यस क्षेत्रको कमाण्डर क.आनाको उपस्थिती र क. प्रवीणको संयोजकत्वमा बसी विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको छ । टोखा नगरको बशुन्धरामा बसेको उक्त बैठकले पार्टीले तयार पारेको परिपत्रका उद्देश्य हासिल गर्न निम्न लिखित ४/४ सदस्यीय समितिहरू निर्माण गरी तीनै नगरहरूले संयुक्त रूपमा कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

# निर्वाचन बहिस्कार किन ?

## हरेक मतदाताले बुझ्नैपर्ने यी हुन् २० कारण

❑ विनोद सहयात्री

संसदीय व्यवस्था अन्तर्गत ७५३ स्थानीय तहको निर्वाचन २०७९ सालको बैशाख ३० गते हुँदैछ । आवधिक निर्वाचनको व्यवस्था अनुसार यो चुनाव पाँच बर्षपछि हुन लागेको हो । संसदमा प्रतिनिधित्व गर्ने दल र बाहिर रहेका ७९ वटा दलले स्थानीय तहको निर्वाचनमा सहभागी हुने निर्णय गरिसकेका छन् । उनीहरू यतिबेला चुनाबी तयारीमा होमिएका छन् । पाँच बर्षपछि फेरि पहिलोपटक जनताको घरदैलोमा पुगिरहेका छन् । यस्तो अवस्थामा मोहन वैद्य किरण नेतृत्वको पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले भने आसन्न स्थानीय निर्वाचनलाई सक्रिय रूपमा बहिस्कार गर्ने निर्णय गरेको छ । निर्वाचन बहिस्कार गर्नेमा अन्य पार्टी र जनसमुदाय पनि थपिदै गएका छन् ।

अहिलेको परिवेश र परिस्थितिमा संसदीय व्यवस्था अन्तर्गत हुन गइरहेको स्थानीय, प्रदेश र प्रतिनिधि सभाको निर्वाचन बहिस्कार गर्नुपर्ने अनगिन्ती कारणहरू रहेका छन् । जसमध्ये हरेक मतदाताले बुझ्नैपर्ने यी हुन् २० कारण, जसलाई यहाँ प्रस्तुत गरिएको छ :

१. राणा विरोधी आन्दोलनदेखि राजतन्त्र विरोधी आन्दोलनसम्ममा जनताले खोजेको र रोजेको यो दलाल संसदीय पुँजीवादी प्रतिक्रियावादी व्यवस्था होइन, जनगणतन्त्रात्मक (नयाँ जनवादी/वैज्ञानिक समाजवादी) राज्यव्यवस्था हो । जुन व्यवस्था यो संसदीय व्यवस्थाको समुल अन्त्य गरेर मात्र स्थापित हुन सम्भव छ ।

२. संसदीय व्यवस्था जनताको राजनीतिक व्यवस्था होइन, यो मुठ्ठीभर दलाल पुँजीपतिहरूको हित रक्षा गर्ने र साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूको दलाली गर्ने व्यवस्था हो । जतिसक्दो चाँडो यो व्यवस्थालाई जरैदेखि उखेलेर फाल्नुमा नै नेपाल र नेपाली जनताको हित हुनेछ ।

३. यो पुँजीवादी साम्राज्यवादीहरूको नवउदारवादी अर्थव्यवस्थामा बाँकी ६ पेजमा

# नेपालमा ठूलो बाह्य हस्तक्षेपको खतरा !

*राष्ट्रघाती एमसीसी सम्झौता खारेजीको विषयलाई लिएर करिव दुई वर्षसम्म हामीले नेपालका वामपन्थी र देशभक्तहरुसँग कार्यगत एकता गर्दै निरन्तर साना ठुला विरोधका कार्यक्रमहरु संचालन गऱ्यौं । संसदमा अनुमोदन गर्नका लागि टेबुल गरि हाल्ने र पारित गरिहाल्ने के पी ओली र शेर बहादुर देउबाका प्रयास धेरै पटक असफल पारिएको थियो*



● सी.पी.गजुरेल ●

नेपाल संसारका दुई ठुला देशका वीचमा अवस्थित मध्यम आकारको मुलुक हो । आज भन्दा करिव २०० वर्ष अघि सम्म नेपाल एउटा स्वतन्त्र राष्ट्र थियो । नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने क्रममा हाम्रा पुर्खाले गरेको अव्दितीय त्याग, वलिदान र त्यसमा प्रयोग भएको सामरिक कला कौसलको बयान इतिहासमा स्वर्ण अक्षरमा लेखिएको छ । त्यसैकारण, आफ्नो देशभक्ति र वीरताका निमित्त नेपालीहरू विश्व पसिद्ध भएका छन् ।

भारतको तत्कालिन बृटिश साम्राज्यवादी सरकार सँग नेपालको तत्कालिन राजतन्त्रले आत्म समर्पण गर्न पुग्यो । दुई देशका सरकारका वीचमा सन् १८१६ मा भएको राष्ट्रघाती सुगौली सन्धी पछि, नेपाल भारतको अर्ध उपनिवेशमा परिणत भयो । यो घटनाले नेपालले झण्डै आधा भूभाग तत्कालिन भारतको बृटिश सरकारको पक्षमा गुमाउन मात्र पुगेन, विश्वमा उसको देशभक्ति प्रतिको कीर्तिमान र राष्ट्रिय स्वाभिमानमा पनि नराम्रो दाग लाग्यो ।

त्यस पछि पनि नेपालमा पटक पटक राजनीतिक संघर्षहरू भए । केही आंशिक परिवर्तनहरू पनि भए । परन्तु नेपालको राष्ट्रिय स्वाधीनताको स्थितीमा सकारात्मक परिवर्तन भने हुन सकेन । जति जति व्यवस्थाहरू परिवर्तन हुँदै गए,झन् झन् स्वतन्त्र राष्ट्र नेपालको बाँकी ७ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# बहिस्कार गर्नैपर्ने संसदीय व्यवस्थाको निर्वाचन

संसदीय व्यवस्थामा अहिले जुन असफलता र संकट देखिएको छ, त्यो यही व्यवस्थाको अनिवार्य परिणति हो । मुठ्ठिभर अभिजात तथा सम्भ्रान्त वर्गका लागि स्वर्गतुल्य यो व्यवस्था करोडौं श्रमजीवी जनताको लागि नर्कतुल्य छ। यो व्यवस्थाका शासकहरुको मोजमस्तीका लागि मिहनतकश जनताले ठूलो मूल्य चुकाउनु परेको छ। जनतालाई संसदवादी दलका नेता कार्यकर्ताहरुले जनतालाई भेडाबाखाभैं सम्भन्छन् । र, त्यसै अनुसार व्यवहार गर्दछन् । प्रत्येक चुनावमा उनीहरु राज्यस्रोतको चरम दुरुपयोग गरेर जनमत खरिदबिक्री गर्छन् । साम, दाम, दण्ड, भेद गरेर चुनाव जित्ने अनि देश र जनतालाई लुट्ने। यही भ्रष्ट संस्कृतिलाई सबैभन्दा ठूलो मलजल संसदीय व्यवस्थामा हुने चुनावले गरेको छ। नेपालमा जति पनि काण्ड र प्रकरणहरु हुने गरेका छन्, ती सबै संसदीय चुनावका अतिवार्य परिणति हुन् । महंगी, बेरोजगारी, हत्या, हिंसा, बलात्कार जस्ता समस्याहरुको मूल कारण यही व्यवस्था हो । यो राज्यव्यवस्था जनताको व्यवस्था होइन भन्ने कुरा दिनको घाम भैं छर्लङ्ग छ, र, पटक पटक पुष्टि पनि भइसकेको छ। अब जनताले संसदीय व्यवस्थामा गरिने चुनावमा संसदवादी दलका नेता कार्यकर्ताहरुलाई भोट हालेर आफ्नो खुट्टामा आफै बन्चरो हानिरहने कि यो भ्रष्ट, निकम्मा र नालायक जनघाती र राष्ट्रघाती व्यवस्थालाई फालेर जनताको आफ्नै राज्यव्यवस्थाको स्थापना गर्ने ? यस्तो स्वतन्त्र फैसला गर्ने अधिकार जनताको हो । दलाल पुँजीवादमा आधारित वर्तमान संसदीय राज्यव्यवस्थाका बारेमा संसदवादी दलहरुले जनतालाई विभिन्न भ्रमहरुको प्रचार गरिरहेका छन् । र, यो व्यवस्थालाई जनताको व्यवस्था भनेर जनतालाई नै लुटिइरहेका छन् । ती सबै भ्रमहरुबाट सचेत हुन जरुरी छ ।

वर्गविभाजित समाजमा राज्यसत्ता भनेको वर्गीय स्वार्थको रक्षा गर्ने साधन हो। यसरी राज्यसत्ताले कि त शोषक तथा उत्पीडक वर्गको हितको संरक्षण गर्दछ या त शोषित तथा उत्पीडित वर्गको । शोषक र शोषित अथवा उत्पीडक र उत्पीडित दुवै थरी वर्गको स्वार्थको रक्षा गर्ने एउटै राज्यसत्ता हुनै सक्दैन । वर्ग निरपेक्ष राज्यसत्ता असंभव कुरा हो। यो राजनीति शास्त्रको आधारभूत प्रश्न हो र राजनीतिबारे थोरै मात्र चासो राख्ने जो कोही व्यक्तिले पनि यति कुरा बुझ्नै पर्छ ।

अभ्र आम जनताले बुभ्न्नु पर्ने कुरा के हो भने एकै प्रकारको राज्यसत्ता भित्र पनि फरक फरक रुपका शासन व्यवस्थाहरु हुन सक्छन् । जस्तो निरङ्कुश राजतन्त्र, सम्बैधानिक राजतन्त्र, गणतन्त्र आदि । गणतन्त्र पनि विभिन्न थरिका हुन्छन् । जस्तो, धर्मतन्त्र, सैन्य गणतन्त्र, संसदीय गणतन्त्र, नयाँ जनवादी गणतन्त्र, समाजवादी गणतन्त्र आदि । यी मध्ये केहीले शोषक वर्गको र केहीले शोषित वर्गको हितको संरक्षण गर्छन् । जस्तो निरङ्कुश राजतन्त्र, सम्बैधानिक राजतन्त्र, धर्मतन्त्र, सैन्य गणतन्त्र, संसदीय गणतन्त्र आदिमा शोषक वर्गले राज्यसत्ताको नेतृत्व गर्ने हुनाले ती शोषक वर्गको हितगर्ने शासन व्यवस्था हुन् । यी सबै शासन व्यवस्थामा प्रतिक्रियावादी अर्थात् शोषक तथा उत्पीडक वर्गका लागि लोकतन्त्र र शोषित वर्गमाथि अधिनायकत्व हुन्छ । यी सबै शासन व्यवस्थाका बीच रुपमा केही फरक देखिए पनि सारमा त्यस्तो कुनै आधारभूत भिन्नता हुँदैन ।

अर्कोतिर, नयाँ जनवादी गणतन्त्र (जनगणतन्त्र) र समाजवादी गणतन्त्र उत्पीडित तथा शोषित वर्गका गणतन्त्रहरु हुन् । यी मध्ये पहिलोमा सर्वहारा वर्गले राज्यसत्ताको नेतृत्व गर्छ, आम उत्पीडित वर्गका लागि लोकतन्त्र हुन्छ र आम उत्पीडित वर्गले दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गमाथि जनवादी अधिनायकत्व लागु गर्छ। दोस्रोमा, सर्वहारा वर्गले राज्यसत्ताको नेतृत्व गर्छ, सर्वहारा वर्गका लागि लोकतन्त्र हुन्छ र पुँजीपति वर्गमाथि अधिनायकत्व लागु गर्छ। यसरी गणतन्त्र नै भए पनि त्यो गणतन्त्र कसको पक्षका छ भन्ने कुरा शासन व्यवस्थामा सत्ताको नेतृत्व कुन वर्गले गरेको छ भन्ने कुराले निर्धारण गर्दछ, शासन व्यवस्थाको नामले होइन ।

यस तथ्यलाई हेर्ने हो भने अहिलेको व्यवस्था भनेको जनविरोधी र राष्ट्रद्रोही प्रतिक्रियावादी शासन व्यवस्था हो भन्ने कुरा पछिल्ला ३१ बर्षको अभ्यासले पनि प्रष्ट पारिसकेको छ। निरङ्कुश राजतन्त्र भन्दा सम्बैधानिक राजतन्त्र र सम्बैधानिक राजतन्त्र भन्दा संसदीय लोकतान्त्रिक गणतन्त्र केही प्रगतिशील हुन्छ । त्यस्तै धर्मतन्त्र र सैन्य गणतन्त्र भन्दा सम्बैधानिक राजतन्त्र र संसदीय गणतन्त्र केही प्रगतिशील हुन्छन् । तर, यी सबै खाले शासन व्यवस्थामा राज्यसत्ताको नेतृत्व गर्ने शक्ति प्रतिक्रियावादी वर्गनै हुने हुनाले यस्ता राजनीतिक परिवर्तनका कारण उत्पीडित वर्गको अर्थ-सामाजिक स्थितिमा आधारभूत फरक पर्दैन । त्यसै भएर प्रतिक्रियावादी शासकहरुले शासन व्यवस्थाका विभिन्न रुपहरुको विकल्पमा आमूल परिवर्तनका पक्षधर जनतालाई अलमल्याएर आफ्नो राज्यसत्ता टिकाउन कोशिस गरिराखेका हुन्छन् । संसीय व्यवस्थामा गरिने चुनाव पनि त्यही हो। यो तथ्यलाई आम श्रमजीवी जनताले गहिरोगरी बुभ्न्न जरुरी छ। र, निर्वाचन बहिस्कार आन्दोलनमा सहभागी हुन आवश्यक छ ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# म बाँचेको समाजका सामाजिक प्रचलनहरूबारे

● गोरे ●

सायद हामी बुझेर पनि बुझ पचाएको छौं कि जस्तो लाग्छ । म गाउँ घरको जुन सामाजिक प्रचलनमा हुर्किएको छु, त्यसमा केही समाजवादी प्रचलनका केही भ्रुणहरू छन् भन्दा कसैलाई विश्वास लाग्ने छैन । खेतिकिसानीमा अर्मपर्मको चलन त सामान्य नै भयो । समाजमा कसैले घर बनाउदै छन् भने कम्तिमा पनि एक दिन सहयोग गर्ने नियम छ । विवाह, मोरु कार्यमा सामूहिक तोकिएको रकम उठाउनु पर्ने अनिवार्य छ। दुःखको समयमा काममा सघाउने, आलोपालो मिलाएर कुरुवा बस्ने, रेखदेख गर्ने कार्यमा सबै मिलेर गर्ने परापुर्वकालदेखि निरन्तर चलिरहेको छ। समाजको सबै मिलेर बाटोघाटो, पाटी, पौवा, मन्दिर, स्कूल निर्माण गर्ने । कसैलाई कानूनी न्याय, निसाफ दिनु परेमा सामूहिक निर्णय (पञ्च निर्णय) बाट गर्ने प्रचलन कायमै छ। पूजाआजा, धार्मिक, सामाजिक कार्यमा सबैको निर्णयबाट गर्ने चलन कायमै छ ।

यी त समाजका सामान्य नियम भए । गुठी, ढिगुर, भेजा, गोलघर आदि हाम्रा समाजका प्रमुख अंग हुन्, जसले प्रशासनका सम्पूर्ण कार्य गर्ने अधिकार राख्छ। एक किसिमले भन्नु पर्दा देशको कार्यकारी अंगकै एक रूप हो भन्दा फरक नपर्ला । समाजलाई ब्यवस्थित गर्ने कार्यमा यसको प्रमुख भूमिका रहेको हुन्छ। यो समाजमा परापुर्वकालदेखि चलिआएकोले यसलाई सरकारले पनि मान्यता दिन बाध्य छ। अभ्र भनौं पञ्चनिर्णय जसलाई अन्तर्राष्ट्रिय न्यायको एक कानूनी स्रोतको रूपमा अंगिकार गरिएको छ । कतिपय समयमा यी संस्थामा पनि खराव ब्यक्ति चुनिएका कारण ती जनताहरू सताब्दिऔंसम्म पनि दुःख भोग्न बाध्य भए र अभ्र छन् । यस्तोमा के देखियो भने संस्था राम्रो भएर मात्र पुग्दैन । त्यहां ब्यक्ति पनि राम्रो हुनु पर्छ भन्ने यसको अनुभव हो ।

यी समाजवादी ब्यबहारबाट सबै समाजमा राम्रो भएका छन् भन्न सकिदैन । त्यसमा मुख्य भूमिका त्यसका खराव पात्रले भएको देखिन्छ। यो सबै संस्थामा रहेको देखिन्छ । यो सामाजवादी ब्यबहारबाट राम्रो प्रगति थकाली समुदायले गर्न सकेका छन् । त्यसपछि पछिल्लो समयमा आएर गुरुंग समुदायले राम्रो गरिरहेको देखिन्छ। अन्य समुदायले सामाजिक, न्यायिक, प्रशासनिक र धार्मिक कार्यमा राम्रो गरे पनि आर्थिक कार्यमा सहकार्य गर्ने सोंच नआएको कारण आर्थिक पछ्यौटेपनले छोड्न सकेको छैन। यो परापुर्वकालदेखि चलिआएको परम्परागत संस्थामा आर्थिक पक्ष जोड्न सक्ने हो भने सबल बन्न सक्छ। नेपाली समाजमा जबर्जस्त मारवाडी समाज जोडिन आइपुगेको छ। यो समाजभित्रको समाजवादी ब्यवहार उच्चकोटीको देखिन्छ । यो सामाजिक संगठनले मारवाडी समुदायलाई सामूहिक आर्थिक उन्नति पथमा लम्काउन सहयोग पु(याइरहेको देखिन्छ। जुन नेपालको थकाली सेवा समितिले त्यसलाई प्रतिनिधित्व गरेको देखिन्छ। समाजमा समाजवादी ब्यवहारबाट आर्थिक गतिविधि सञ्चालन गरेका प्रायः समुदाय सफल देखिन्छन् । जो ब्यक्तिगत रूपमा आर्थिक गतिविधिलाई अगाडि बढाउन खोजेका छन् ती सबै पछाडि परेका छन् ।

नेपाल जस्तो औधोगिक विकास सम्भव नभएको, भौगोलिक रूपमा भूपरिवेष्ठित रहेको, राजनीतिक स्वार्थ हावी रहेको र राज्य सञ्चालनका हर्ताकर्ताहरू सबै आफ्नो ब्यक्तिगत स्वार्थमा लाग्ने परम्परागत सोंचले ग्रसित छ। अवसरको सांघुरो घेराबाट ब्यक्तिगत स्वतन्त्रताबाट युरोप, अमेरिकाको जस्तो जीवनको परिकल्पना गर्नु आकाशको फल सरह हो । नेपालमा हरेक कुराको दुर्लभताको अवस्था छ। दुर्लभ वस्तु प्राप्त गर्न संघर्ष गर्नु स्वभाविकै हो। यो अवस्थाबाट पार पाउन ब्यक्तिगत वा एकल प्रयासबाट मात्र असम्भवप्राय देखिन्छ । किन भने यहां कुनै एक ब्यक्तिको विकासको कुरा गरिएको होइन। यहां समाज परिवर्तनको कुरामा कुनै एउटा ब्यक्तिको विकासले देशमा कुनै परिवर्तनको लक्षण देखा पर्दैन भन्ने कुरा त आजसम्मको विकासले पुस्ति गरिसकेको छ । त्यसैले यहां युरोप, अमेरिकाको ब्यक्तिगत विकासको कुरा ब्यर्थ हुन जान्छ ।

नेपालमा ब्यवहारिक परम्परागत समाजवादको प्रयोग परापुर्वकालदेखि छ भन्ने कुरा केहि लेखबाट र केहि वौद्धिकबाट जानकारी पाएको धेरै वर्ष वितिसक्यो। त्यसका भुक्तभोगी ती जनता कसैलाई पनि यसबारेमा कुनै ज्ञान छैन । यता कम्युनिस्टहरूले मार्क्सवादी सैद्धान्तिक समाजवादको प्रयोग गर्न थालेको वि.सं. २००६ सालदेखि आजसम्म ७२ वर्ष साल वितिसकेछ। यस बीचमा कम्युनिस्ट पार्टीहरूकै नामबाट भ्रापा काण्ड र १० वर्षे जनयुद्ध जस्ता ठूला युद्ध पनि भए । ती युद्धका प्रमुख उद्देश्य नै नेपालमा समाजवाद ल्याउनु रहेको थियो । यस युद्धबाट समाजवाद त आएन नै। त्यसभन्दा पनि दुःखको कुरा नेपाली समाजमा रहेको ब्यवहारिक समाजवादको न कसैबाट ब्याख्या हुन सक्यो न त यो दुईबीचको भेद सम्बन्धि बहस नै हुन सक्यो । मार्क्सवादी समाजवाद र नेपाली जनताले ब्यबहारमा ल्याइरहेको समाजवादबीच के समानता वा के भिन्नता छ भन्ने निर्क्योल नगरि कस्तो समाजवाद भन्ने प्रश्न रहिरहनेछ । के नेपालमा प्रयोग गर्न खोजिएको मार्क्सवादी समाजवाद र एकथरि नेपाली समाजबाट प्रयोग भइरहेको समाजवादबीच मिलन सम्भव छैन ? यदि हुन सक्दैन भने नेपालमा आउने समाजवाद कस्तो हो ? नेपाली जनता एकातिर अनि नेपालका कम्युनिस्ट पार्टी अर्कोतिर भइरहेमा समाजवाद के हो भन्ने अलमल रहिरहने देखिन्छ। यो अन्योल नचिरेसम्म नेपालमा समाजवादको कुरा वेलायतका बौद्धिकहरूको काल्पनिक समाजवाद जस्तै हुनेछ । जुन एकदिन ती बौद्धिक हराए जसरी नेपालमा पनि हराएर जाने निश्चित छ। कथंकदाचित आइहालेछ भने पनि फ्रान्समा जसरी जेकोविन र जेरोन्डिष्ट पतन भए, त्यसरी नै पतन हुने सम्भावना देखिन्छ ।

यो विषय किन पनि महत्वपूर्ण रह्यो भने नेपालमा समाजवाद सधैं भ्रमपूर्ण रह्यो । समाजवादको अपब्याख्या र गलत विश्लेषण भैरह्यो । ती नेपाली समाज जसले उत्पत्तिकालदेखि नै समाजवाद र साम्यवाद ब्यवहारमा प्रयोग गरिरहेका छन् । उसलाई आफैले कुन वाद प्रयोग गरेको छु भन्ने ज्ञान समेत छैन । तिनै समुदायबाट कतिपय कम्युनिस्ट विचारधारामा संलग्न पनि छन् । तिनै दुबै एकै समुदायभित्र रहेको वैचारिक मतभेदसम्म पत्ता लगाउन नसकिएको अवस्था छ । यहि कारण ती एउटै समुदाय भएर पनि वैचारिक एकरूपताका विषयमा ज्ञानको कमिको कारण यसको फाइदा अरुले लुतिरहेका छन् । यदि यस विषयमा गहन बहस र छलफल नहुने हो भने आफैभित्र टकरावको स्थिति देखापरिरहने र यसको फाइदा अरुले लिइरहने हुनेछ ।

वास्तवमा नेपाली समाजमा कम्युनिस्ट विचारधारा अंगाल्ने धेरै भए तर त्यसलाई समाजमा स्थापित गराउन कसैले सकेन । अथवा भनौं नेपाली जनतामा समाजवादको अपनत्व कहिल्यै हुन सकेन। नेपाली समाज आफै समाजवादी छ तर मार्क्सवादी समाजवादको भाषा बुझ्दैन। प्रत्येक उत्पिडित जनता समाजवादप्रति विश्वस्त हुन सक्नु पर्छ । यसले हाम्रो भविश्य सुचिश्चित गर्छ र यहि राज्यसत्ताको लागि बलिदान दिन तयार छु भन्ने बनाउनु नै समाजवाद प्राप्तिको ढोका खोल्नु हो। यसको लागि सबभन्दा पहिले समाजवाद यस्तो हुन्छ भन्ने ब्यवहारिक प्रयोग हुनु आवश्यक छ । ताकि नेपाली जनता वास्तवमा विश्वस्त हुन सकुन् र क्रान्तिको लागि लामबद्ध हुन सकुन् । यो हुनको लागि यी टुक्रे र ब्यक्तिपिच्छेको पार्टी अध्यक्ष भएको कम्युनिस्टबीचमा समाजवाद सम्बनिध भ्रम हटाउन सक्नु पर्छ। कुन चांहि कम्युनिस्टलाई विश्वास गर्ने ? जनता आफै रणभुल्लमा परेका छन् । आखिर कुनै पनि कम्युनिस्टले जनताको बीचमा बसेर राजनीति गरेका छैनन् । सबैले भाषण मात्र गरेका छन् । अनि जनताको समस्या हल गर्ने गरि कसैले काम गर्न सकेका छैनन् । सबैको भाषण मात्र मीठा छन् । एकले अर्कोलाई दोष दिन्छन् । कसैले भिंगा मार्ने होइन । अनि के आधारमा जनताले विश्वास गर्ने ? यहां कुनै पार्टी विशेषलाई दोष दिन खोजिएको होइन । यस लेखको मुख्य आसय भनेको जरामा नपुगी भांगिएको रुखको मात्र कल्पना गर्नु दिउसै रात पार्नु सरह हो । एक पटक क. माओले विकास गरेको जनताको विकास र जनताको शक्तिको प्रयोगबाट शासनसत्ता लिन गरेको पहलकदमीलाई कदापी नभुलौं ।

## केन्द्रीय...

भएको छ। विहान करिब ११ बजेतिर आफ्नै घरमा बेहोस भएर ढले पछि अस्पताल लैजाने क्रममा बीच बाटोमै उहाँको निधन भएको हो । उहाँ उच्च मधुमेह र मुटुको रोगले पीडित हुनुहुन्थ्यो । प्युठानमा २००३ मा जन्म भई २०२९ सालमा कैलाली थापापुर गाविस बसाइँ सर्नु भएका उहाँ २०२८ सालमा कम्युनिस्ट पार्टीको सदस्य भएदेखि सधै क्रान्तिकारी कित्तामा उभिएर देश र जनताको सेवामा खट्नु भयो । उहाँ पश्चिम नेपालको एकजना मूर्धन्य क्रान्तिकारी नेता हुनु हुन्थ्यो । उहाँको निधनले नेपालको कम्युनिस्ट आन्दोलन र मुख्यतः पश्चिमको कम्युनिस्ट आन्दोलनलाई ठूलो क्षति पुग्न गएको छ। उहाँको कान्छो छोरा शिवराज ज्ञवाली (क. यात्री) जनयुद्धका क्रममा २०६२ भदौ १६ गते सहिद हुनु भएको हो । उहाँका एक श्रीमति, एक छोरा दुई बुहारी, तीन छोरी, तीन ज्वाइँ, चार नाति र तीन नातिनी हुनु हुन्छ । यस दुःखद घडीमा हाम्रो पार्टी क. गम्भीरप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँका सम्पूर्ण शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।'

## नेकपा...

उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) पोलिट ब्यूरो सदस्य एबम् ४ नम्बर प्रदेश सेक्रेटरी केश वहादुर परियारले ऐतिहासिक प्रथम जनआन्दोलन २०४६ साल चैत्र २४ गतेको संस्मरण गर्दै त्यसको महत्व माथी प्रकाश पार्नु भयो । दोस्रो जनआन्दोलनले नेपालमा संविधान सभाको निर्वाचन, संघिय गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशी प्रनीनीधित्व जस्ता सिमित उपलब्धीहरू त भए तर जनताका आधारभूत अधिकारहरू प्राप्त हुन सकेनन् । शिक्षा, स्वास्थ्य, रोजगारी अनिवार्य हुन सकेन ।

त्यसैले नेकपा (क्रान्तिकारी माओवादी) ले वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध र विकल्पमा संघीय जनगणतन्त्रको स्थापनाका लागि निरन्तर संघर्ष गर्दै आएको छ। वर्तमान दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध नयाँ जनवादी राज्यसत्ताको स्थापनाका लागि अनेकौं जनआन्दोलन, संघर्ष र दश वर्षीय जनयुद्ध भए। प्रतिक्रियावादी षडयन्त्र, अवसरवादीहरूका धोका तथा गद्दारीका कारण ती संघर्षहरू सफल हुन सकेनन् र जनताका सपना पुरा हुन सकेनन् । जनविरोधी सरकारहरूद्वारा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका निम्ति संघर्षमा उत्रिदै आएका जनताका आवाज सुन्नुको सट्टा उल्टै दमन गर्ने काम भयो । यी सबै तथ्य र यथार्थलाई आत्मसात गर्दै २०७९ साल वैशाख ३० गते हुन गइरहेको स्थानीय निर्वाचनकलाई हाम्रो पार्टीले सशक्त बहिष्कार गर्ने निणर्य गरेको छ। यस स्थितिमा देश र जनताको हितमा, मुक्ति र अधिकार प्राप्तिका लागि निरन्तर संघर्ष गर्दै जानु पर्ने भएको छ। आगामी वैशाख ३० गते हुन गइरहेको प्रतिक्रियावादी स्थानीय निर्वाचनको सशक्त रूपमा बहिष्कार गर्न र बहिष्कार आन्दोलनलाई सफल पार्नका लागि सम्पूर्ण पार्टी कार्यकर्ताहरू र जनसमुदायलाई आब्हान गर्नु भयो ।

त्यसै गरी कार्यक्रममा पार्टी केन्द्रिय सदस्य एबम् कास्की जिल्ला इन्चार्ज रामजी थापाले संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिको निणर्य अनुसार राष्ट्रिय स्वाधीनताको रक्षाको लागि र जनतन्त्र, जनजीबिका, असमान सन्धि सम्झौताहरू खारेज गर्न संघर्ष गर्ने निणर्यका साथ अघि बढेको ऐतिहासिक जनआन्दोलन २०४६ साल चैत्र २४ गतेको संस्मरण गर्दै त्यसको महत्वको बारेमा प्रकाश पार्नु भयो । ऐतिहासिक जनआन्दोलन २०४६ साल चैत्र २४ गतेको संस्मरण गराउँदै संयुक्त वाम मोर्चा र नेपाली कांग्रेसको संयुक्त आन्दोलन र जनताको उभारले ३० बर्षे पञ्चायती ब्यवस्थाको अन्त्य गरी वहुदलिय ब्यवस्था स्थापना गर्न सफल भयो। संसदवादी दलहरूको सत्ता स्वार्थका कारण राजा सहितको प्रजातन्त्र स्विकार गरियो र नेपाली जनताले खासै परिवर्तनको महसुश गर्न पाएनन् ।

फलस्वरूप २०५२ बाट जनयुद्ध शुरु भयो। तत्कालिन नेकपा (माओवादी) पार्टीको नेतृत्वमा सञ्चालित जनयुद्ध सफलताको उत्कर्ष तर्फ पुगिरहेको बेला अन्य वामपंथी क्रान्तिकारी पार्टीहरू र संसदवादी पार्टीहरू पनि आन्दोलनमा जाने सम्भौता भयो र ०६२ / ०६३ को दोस्रो जनआन्दोलन सफल भयो । उक्त जनआन्दोलनले नेपालमा २४० बर्ष सम्म एकक्षत्र राज गर्न सफल शाहवंशिय एकदलिय निरङकुश ब्यवस्थाको मात्र अन्त्य गरेन राजसस्था कै अन्त्य गर्यो। ऐतिहासिक जनआन्दोलन २०४६ साल चैत्र २४ गतेको आमहडतालको औचित्य र त्यसको महत्व अभ्र बढेर गयो। वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध र त्यसको विकल्पमा संघीय जनगणतन्त्रको स्थापनाका लागि निरन्तर संघर्ष आजको आवश्यकता हुन आएको छ । आगामी बैसाख ३० गते हुने स्थानीय चुनावको सकृय बहिष्कार गरौं र नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न अगि बढौं भन्ने कुरामा जोड दिनु भयो ।

उक्त कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रिय सल्लाहाकार भिम वहादर श्रीस मगर, अखिल नेपाल लेखक संघ प्रदेश समितिका अध्यक्ष परशुराम कोइराला, पार्टीका प्रदेश समितिका सदस्य काजीबाबु श्रेष्ठ, पार्टीका जिल्ला कमितिका सदस्यहरू सिता परियार, बिना बुढाथुकी, हिमाल आले लगायत कास्की जिल्लाका पार्टी कायकर्ताहरू, सदस्यहरू र समर्थकहरूको उपस्थितीमा सम्पन्न कार्यक्रमको अध्यक्षता पार्टी जिल्ला सेक्रेटरी कर्ण पुनले गर्नु भएको थियो ।

## नगेन्द्र...

पार्टीका महासचिव मोहन वैद्य किरणले आज एक प्रेस वक्तव्य जारी गरी लामो समयदेखि पार्टी हित विरुद्ध गुटबन्दी गर्दै फुटपरस्त गतिविधिहरूमा संलग्न रहँदै आएको, केन्द्रीय कार्यालयका तर्फबाट सम्पर्क गर्न खोज्दा सम्पर्कमा आउन नचाहेको, पार्टीले दिएका जिम्मेवारी पुरा नगरी विरोधी पार्टीहरूमा प्रवेश गर्ने उद्देश्यले मोलतोल (बार्गेनिङ्) गरेको र कुमार बोगटीको हकमा व्यक्तिगत कामका लागि पार्टीबाट ६ महिनाको घरबिदा लिएर बसेको तर उक्त अवधि समाप्त भएपछि पनि पार्टी सम्पर्कमा नआएको समेतका आधारमा पार्टीको स्थायी समितिको निर्णय अनुसार उहाँहरूलाई पार्टीको केन्द्रीय समिति, जबस लगायत अन्य जिम्मेवारीहरूबाट हटाउनुका साथै पार्टीको साधारण सदस्य समेत नरहने गरी अनुशासनको कार्बाही गरी निष्काशन गरिएको जनाउनु भएको छ ।

## निर्वाचन...

इतिहासको बारेमा सही ज्ञान राख्न आवश्यक रहेको बताउनु भयो । उहाँले कम्युनिस्ट पार्टीको आवरणमा रहेका अवसरवादी र संशोधनवादी प्रवृत्तिका नेताहरूले जनताले गरेको मुक्तिकामी संघर्ष वा आन्दोलनमाथि पटक पटक धोका र गद्दारी गर्ने गरेको बताउँदै रूप पक्षमा व्यवस्था बदलिएको देखिए पनि जनताको अवस्थामा कुनै परिवर्तन नआएको स्पष्ट पार्नुभयो ।


सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूले हरेक कालखण्डमा हुने आन्दोलन, विद्रोहमाथि अवसरवादी र संशोधनवादीहरूले दिने धोका र गर्ने गद्दारीका विरुद्ध निरन्तर आवाज उठाइरहनु पर्ने आवश्यकता औल्याउँदै नेता थापाले क्रान्तिकारीहरूले एकताबद्ध भएर प्रतिक्रियावादी सत्ता, व्यवस्था र दक्षिणपन्थी अवसरवादी तथा संशोधनवादीहरूका विरुद्ध संघर्षलाई सशक्त रूपमा अगाडि बढाउनु पर्छ । चैत्र २४ बाट सच्चा देशभक्त क्रान्तिकारीहरूले यही शिक्षा लिनुपर्नेमा जोड दिँदै उहाँले धोकेबाज नेताहरूले इतिहासमा पटक पटक राष्ट्रघात र जनघात गरेको बताउनु भयो ।

संसदीय व्यवस्था रहेसम्म देश र जनताको अवस्थामा कुनै सुधार नआउने ठोकुवा गर्दै उहाँले त्यसैकारण संसदीय व्यवस्थाको कथित स्थानीय निर्वाचन आफुहरूले सशक्त रूपमा बहिस्कार गर्ने निर्णय गरेको स्पष्ट पार्नुभयो र उहाँले सच्चा देशभक्त र आमूल परिवर्तनका पक्षधर जनसमुदायलाई निर्वाचन बहिस्कार आन्दोलनलाई सफल पार्न आव्हान पनि गर्नुभयो ।

कार्यक्रममा बोल्दै अन्य वक्ताहरूले पनि संसदीय व्यवस्थाको निर्वाचनले भ्रष्ट, देशघाती र जनघाती तत्वहरू उत्पादन गर्ने भएकाले यो निर्वाचन सशक्त रूपमा बहिस्कार गर्नु परेकोमा जोड दिनुभयो । त्यसैगरी चितवन, बुटबल, बर्दिया लगायत प्रदेश र जिल्लाको आयोजनामा विभिन्न कार्यक्रम गरी स्थानीय निर्वाचन बहिस्कार आन्दोलनकै बीच जनआन्दोलन दिवस मनाइएको सम्बद्ध स्रोतले जनाएको छ ।

# नेपाली नयाँ जनवादी अर्थतन्त्रबारे

*सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवादको चरित्र स्वभावैले एकातिरवादी हुन्छ । त्यसैले त्यस्तो आर्थिक संरचनामा सबै क्षेत्रमा असन्तुलन र असमानता अपरिहार्य हुन्छ ।नेपालको वर्तमान सन्दर्भमा कृषि,उद्योग र व्यापारको क्षेत्रमा रहेको असन्तुलनलाई गाउँ र शहरबीचको असमानता, तराई पहाड र हिमाली भेग अथवा पूर्व, मध्य र पश्चिमका भौगोलिक क्षेत्रहरुबीचमा विकासको असमानता टड्कारो रुपमा देख्न सकिन्छ । व्यापारको क्षेत्रमा रहेको दलाल दलालपुँजीपतिहरुको एकाधिकारको कारणले वस्तुहरुको कृतिम अभाव र अराजकतापूर्ण प्रकारको मूल्यवृद्धको मार आम जनता सहनु परिरहेको छ ।*



● हस्तबहादुर केसी ●

नेपाल आजसम्म पनि अर्धसामन्ति र नवउपनिवेशी अवस्थामै रहदै आएको छ। त्यसको अर्थ हो यहाँ एकातिर विशाल ग्रामीण भूभागमा सामन्ती प्रकारको आर्थिक सम्बन्ध कायमै छ भने अर्कोतिर शहरी क्षेत्रहरूमा दलाल तथा नोकरशाही पुँजीवादको बोलवाला छ। त्यसैले नेपालका गाउँले किसान तथा शहरीया मजदुरहरू एकैसाथ दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादवाट शोशीत तथा उत्पीडित छन ।

विशाल संख्यामा रहेको शोषित र उत्पीडित जनसमुदायलाई पूर्णरूपले मुक्त गरि उनीहरूलाई सम्पन्नता र विकासको बाटोमा अगाडि बढाउन नेपालमा हाल कायम रहेको दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादी वर्गको राज्यसत्ता अन्त्य गरि त्यसको सट्टामा नयाँ जनवादी राज्यसत्ता कायम गरिनुपर्छ भन्ने नेपालका क्रान्तिकारी कम्युनिस्टहरूको नीति र कार्यक्रम रहदै आएको छ। तर यहाँ केही कम्युनिस्ट आवरणका कम्युनिस्ट पार्टीहरूले र उत्तर मार्क्सवादी ( नव मार्क्सवादीहरूले राजतन्त्रको अन्त्य गरि लोकतान्त्रिक गणतन्त्रको स्थापनासंगै नयाँ जनवादी क्रान्ति भइसक्यो, अब समाजवादी क्रान्ति गर्ने हो भन्ने बकवास गरेर नेपाली जनतामाथि भ्रम सिर्जना गरिरहेका छ ।

वास्तविकता के हो त ? नेपालमा नयाँ जनवादी क्रान्ति सम्भव छ कि छैन ? नयाँ जनवाद अर्थतन्त्रको स्वरूप कस्तो हुन्छ ? त्यसको निर्माण कसरी गरिन्छ ? नेपालमा त्यो सम्भव छ कि छैन ? आदि विषयमा आमजनताको जिज्ञासा रहनु स्वाभाविक छ। यो लेखमा यिनै केही विषयहरूबारे प्रकाश पार्ने कोसिस गरिएको छ ।

***१ नयाँ जनवादको आर्थिक नीतिबारे***

नयाँ जनवाद भनेको सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीवादको अन्त्य गरि सर्वहारा वर्गको नेतृत्वमा र मजदुर ( किसान एकताका आधारमा निर्माण गरिने नयाँ प्रकारको पुँजीवाद हो । यसलाई नयाँ भन्नुको अर्थ यो हो कि पुँजीवादमा मात्र सिमित नरही वैज्ञानिक समाजवादतिर उन्मुख हुने पुँजीवाद हो, त्यस अवस्थामा राष्ट्रिय पुँजीपतिवर्ग र धनी किसान वर्गसम्म अटाउछन ।

त्यसैले नयाँ जनवादी अर्थतन्त्रमा सामन्तवादको अन्त्य हुनुको साथसाथै पुरानो प्रकारको पुँजीवादको एकाधिकारवादी र असमान तथा विषम विकासको प्रबृत्तिमाथि नियन्त्रण गरि वैज्ञानिक समाजवादमा रूपान्तरण हुने प्रक्रिया समाविष्ट हुन्छ। अर्थात् यो सर्वहारा वर्गको नेतृत्वमा वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लामो आर्थिक ( सामाजिक प्रक्रियाको प्रारम्भिक चरण हो र नयाँ जनवादका सबै आर्थिक नीतिहरू त्यसै दिशातिर परिलक्षित हुन्छन ।

नेपालमा नयाँ जनवादका आर्थिक नीतिहरूलाई निम्न बुँदाहरूमा संक्षेपमा राख्न सकिन्छ

***२ (क) सामन्तवादको अन्त्य***

नेपाली अर्थतन्त्र अहिलेसम्म कृषिप्रधान छ र कृषिमा सामन्ती श्रम सम्बन्ध नै मूल रूपमा विद्यमान छ। हुन त आफ्नो स्वामित्वको जमिन आफै जोत्ने भूस्वामी जोताहाहरूको संख्या देशभरमा अत्यधिक छ र पहाड र हिमाली भेगमा त्यो धेरै हदसम्म सत्य पनि हो, तैपनि खासगरी तराई र भित्री मधेसमा ठूलो मात्रामा तथा पहाडमा पनि उल्लेख्य मात्रामा जमिनमाथि सामन्ती स्वामित्व कायमै छ।

ठूला जमिन्दारका नाममा, हिजोका राजा ( रजौटाहरू, शाहसमान्तहरू, राणा परिवारहरू, गुठीका नाममा, मठमन्दिरका नाममा, मौजावालहरूका नाममा, पुराना दरवारका भाईभारदरिहरूका नाममा, विभिन्न सरकारि तथा गैर सरकारी संघसंस्थाहरूका नाममा अहिले पनि लाखौं ( करोडौं विघा जमिन रहेको छ। नयाँ जनवादी क्रान्तिले उनीहरूको जमिन जफत गरेर भूभिहिन किसानहरूलाई वितरण गरिन्छ। जमिन जोत्नेको नाममा कायम गरिन्छ। कृषिमा औद्योगिक क्रान्ति गरिन्छ। किसानहरूलाई जमिनको मालिक बनाइन्छ।

त्यसैले सबै प्रकारका सामन्ती सम्बन्धहरूको अन्त्य गर्नु नयाँ जनवादी अर्थतन्त्रको मूल नीति हो ।ठोस रूपमा भन्नुपर्दा सामन्तहरूको ( माथि उल्लेखित व्यक्तिहरूको नाममा रहेको) जमिन खोसेर विना मुआब्जा भूभिहिन तथा गरिबकिसानहरूमा वितरण गर्नु अर्थात् जमिनमाथि ू जसको जोत उसको पोत ू लागु गर्नु नयाँ जनवादको आधारभूत अर्थनीति हो। त्यसरी नै किसानहरूलाई सम्पूर्ण रूपले ऋणमुक्त गर्नु, उत्पादनका साधन र आफ्नो श्रममाथि किसानहरूको पूर्ण स्वामित्व कायम गर्नु र सबै प्रकारका गैर ( आर्थिक दबाबको अन्त्य गरि किसानहरूलाई पूर्णरूपले स्वतन्त्र बनाउनु नयाँ जनवादको अर्थनीति हो। साथै गरीब, साना तथा मध्यम किसानहरूलाई आघात नपर्ने गरि धनी किसानहरूको संरक्षण गर्ने नीति पनि नयाँ जनवादमा हुनेछ ।

समग्रमा भन्नुपर्दा नयाँ जनवाद भनेको उत्पादनको साधनमाथि व्यक्तिगत स्वामित्व कायम रहेको तर सामन्ती शोषणको अन्त्य भएको नयाँ प्रकारका पुँजीवादी अर्थव्यवस्था हो ।

***२ (ख) दलाल तथा नोकरशाही पुँजीवादको उन्मुलन र राष्ट्रिय अर्थतन्त्रको विकास***

खासगरी हाम्रो देश नेपाल सुगौली (सन १८१६ ) पछि तत्कालीन बृटिश भारतको अर्थउपनिवेश र सन १९४७ पछि मूलरूपमा भारतीय विस्तारवादको अर्थउपनिवेशको रूपमा कायम रहँदै आएकोले यहाँ राष्ट्रिय पुँजीको सञ्चय र विकासको प्रक्रिया अवरुद्ध हुँदै आएको छ र त्यसको सट्टामा यहाँ स्वदेशी सामन्तवाद र विदेशी साम्राज्यवाद र विस्तारवादको ठिमाहा सन्तानको रूपमा दलाल तथा नोकरशाही पुँजीवादको विकास भएको छ। सामान्यतया विदेशी एकाधिकारको पुँजीको अंग वा एजेन्टको रूपमा काम गर्ने, आर्जित मुनाफाको अत्यधिक अंश विदेशतिरै फर्काउने तर राज्यसँग नजोडिएको पुँजीलाई दलाल पुँजी ९ ऋयmउचबमयच ऋबउष्तबर्ा ० भनिन्छ।

त्यस्तै विदेशी एकाधिकारपुँजी र घरेलु सामन्तवादसंग जोडिएको प्रयाशस् राज्यसत्ताको आड लिएको र अधिकांशतस् वित्तीय पुँजीको रूपमा रहेको पुँजीलाई नोकरशाही पुँजी ९ द्यगचभबगअचबतष्अ ऋबउष्तबर्ा ० भन्ने गरिन्छ। र यी दुबै पुँजीको जरा विदेशी एकाधिकार पुँजीमा हुने गरेको, दुबैको चरित्र एकाधिकारवादी भएको, उत्पीडित राष्ट्रहरूमा दुबैले प्रत्येक्ष वा परोक्ष रूपमा राज्यसत्ताको आड लिने गरेको, दुबै पुँजी अधिकांस गैर (उत्पादनशील क्षेत्रमा लाग्ने फलस्वरूप राष्ट्रिय औद्योगिक पुँजीको विकासको निम्ति बाधक बन्न गएको र दुबैको चरित्र प्रतिगामी प्रकारको हुने गरेकोले यिनीहरूलाई फरक फरक रूपमा भन्दा एउट नोकरशाही पुँजीको रूपमा विश्लेषण र गणना गर्नु उपयुक्त देखिन्छ।

त्यसैले नयाँ जनवादी अर्थनीतिको एउटा प्रमुख आधार दलाल तथा नोकरशाही पुँजीवादलाई पूर्णरूपले जफत गरेर राष्ट्रियकरण गर्ने र राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्नु हुनेछ। त्यस अन्तर्गत देशलाई विदेशी ऋणबाट मुक्त गर्ने, विदेशी बैंकमा थुपारिएको पुँजी स्वदेश फिर्ता गरि राष्ट्रियकरण गर्ने, व्यापारिक र वित्तीय क्षेत्रमा रुमल्लिएको पुँजीलाई औद्योगिक क्षेत्रमा प्रवाहित गर्ने, स्वदेशी कच्चा पदार्थ र बजारमा आधारित उद्योगलाई प्रश्रय दिने, साना तथा घरेलु उद्योगहरूलाई विशेष सुबिधा, सहुलियत र संरक्षण दिने आदि नीति लागु हुनेछन। सार्वजनिक जीवनमा असर गर्ने तथा अर्थतन्त्रका आधारभूत उद्योग र व्यापार तथा विदेश व्यापार राज्यबाट सञ्चालित र नियन्त्रित हुनेछन ।

***२ (ग) सन्तुलित र आत्मनिर्भर अर्थतन्त्रको विकास***

सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवादको चरित्र स्वभावैले एकातिरवादी हुन्छ। त्यसैले त्यस्तो आर्थिक संरचनामा सबै क्षेत्रमा असन्तुलन र असमानता अपरिहार्य हुन्छ ।नेपालको वर्तमान सन्दर्भमा कृषि,उद्योग र व्यापारको क्षेत्रमा रहेको असन्तुलनलाई गाउँ र शहरबीचको असमानता, तराई पहाड र हिमाली भेग अथवा पूर्व, मध्य र पश्चिमका भौगोलिक क्षेत्रहरूबीचमा विकासको असमानता टड्कारो रूपमा देख्न सकिन्छ। व्यापारको क्षेत्रमा रहेको दलाल दलालपुँजीपतिहरूको एकाधिकारको कारणले वस्तुहरूको कृतिम अभाव र अराजकतापूर्ण प्रकारको मूल्यवृद्धको मार आम जनता सहनु परिरहेको छ।

आज देशको अर्थतन्त्र दलाल तथा नोकरशाहीहरू माफियाहरू, विचौलियाहरू, तस्करहरू ठेकेदारहरू, कालाव्यापारीहरू, मुनाफाखोरहरू भष्टचारीहरू, भूमाफियाहरू, साम्राज्यवाद तथा विस्तारवादका एजेन्टहरूले चलाइरहेका छन ।

सामन्तवादी कृषि अर्थतन्त्रको पछौटेपन र नोकरशाही पुँजीवादको एकाधिकारवादी चरित्रको कारण देशमा रोजगारीको अवसर ज्यादै कम भएर आज लाखौं युवा शक्ति विदेश पलायन भइरहेको छ। यहाँका दलाल शासकहरूले रेमिटेन्सलाई मुलुकको प्रमुख श्रोत मान्दै आएका छन् ।

नेपाली नयाँ जनवादी क्रान्तिले यस प्रकारको अर्थनीतिलाई ध्वस्त पारेर देश र जनताको लागि सन्तुलित र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दछ। नयाँ जनवादमा आधारित वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने अर्थनीतिको विकास गर्दछ।

२ (घ) वैज्ञानिक समाजवाद तर्फ उन्मुख अर्थतन्त्रको विकास

नयाँ जनवादी अर्थतन्त्र मूल रूपमा पुँजीवादी अर्थतन्त्र नै भए पनि यो नयाँ हुनुको मूल कारण यसको वैज्ञानिक समाजवाद उन्मुख चरित्र नै हो ।वर्तमान साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा उत्पीडित राष्ट्रहरूमा स्वतन्त्र रूपले पुरानो प्रकारको पुँजीवादको विकासको सम्भावना छैन। माथि उल्लेख भए भैं हाम्रो जस्तो देश नेपालमा दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादको अन्त्य नयाँ जनवादी क्रान्तिले गरेपछि त्यहाँ सर्वहारा वर्गको नेतृत्वमा निर्माण हुने नयाँ प्रकारको पुँजीवादी संरचना ज्यादै छोटो अवधिको निम्ति र वैज्ञानिक समाजवादमा शीघ्र संक्रमणको निम्ति मात्रै हुन्छ ।त्यसै नयाँ जनवादी अर्थव्यवस्थामा शुरुदेखि नै वैज्ञानिक समाजवादका भ्रुणहरू अर्थतन्त्रका विभिन्न हाँगा, विङ्गा हरूमा विभिन्न प्रकारले रोप्ने र हुर्काउने प्रयास भइरहेको हुनुपर्छ ।

किसानहरूमा पनि वैज्ञानिक समाजवादी चेतना विकास गर्नुपर्ने हुन्छ। त्यसरी नै अर्थतन्त्रका अरु क्षेत्रहरूमा पनि क्रमशः उत्पादनका साधनमाथि सामूहिक स्वामित्व कायम गर्ने र सामूहिक श्रम गर्ने पध्दति विकास गरेर वैज्ञानिक समाजवादमा संक्रमण गर्ने आधार तयार गर्नुपर्छ ।

***३ नेपाली नयाँ जनवादी क्रान्तिको नेतृत्व***

नेपालमा नयाँ जनवादी क्रान्तिको नेतृत्व नेपाली सर्वहारा वर्गको राजनीतिक संगठित अग्रदस्ता क्रान्तिकारी कम्युनिस्ट पार्टीले गर्ने हो र हुदै पनि आएको छ। अर्थात मार्क्सवाद–लेनिनवाद–माओवादको पथप्रदर्शकमा मजदुर (किसान एकताका आधारमा क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरिन्छ ।

***४ नेपाली नयाँ जनवादी क्रान्तिको कार्यदिशा र क्रान्तिको मोडेल***

आजसम्म विश्वमा दुईवटा क्रान्तिका मोडेलहरू प्रयोगमा आएका छन्, ती हुन (रुसी मोडेल स् सशस्त्र जनविद्रोहको मोडेल र दीर्घकालीन सशस्त्र जनयुद्धको मोडेल ः महान् चिनिया नयाँ जनवादी क्रान्तिको मोडेल ।

नेपाल २०५२ साल फागुन १ देखि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को पहलमा सञ्चालन गरिएको महान् दस वर्षे सशस्त्र जनयुद्ध चिनिया मोडेलको सशस्त्र जनयुद्धको मोडेल थियो। त्यो मोडेल हामीले प्रयोग गरिसकेका छौ ।

अब आजको नेपालको विशिष्ट परिस्थितिमा गरिने नेपाली नयाँ जनवादी क्रान्तिको कार्यदिशा अर्थात् क्रान्तिको मोडेल भनेको सशस्त्र जनविद्रोहको मोडेल हो, जुन रुसी अक्टोबर क्रान्तिको जस्तो नभएर नेपाली विशिष्टतामा आधारित शहरबाट केन्द्रीय सत्ता कब्जा गरेर क्रान्तिलाई गाउँतिर लैजाने क्रान्तिको मोडेल हो, जो नयाँ चरित्रको हुनेछ।

त्यसैले शहरलाई क्रान्तिको अग्रभाग र गाउँलाई पृष्ठभागमा राखेर क्रान्तिको तयारी गर्ने कार्य दिशा नै वर्तमान नेपाली नयाँ जनवादी क्रान्तिको सामरिक कार्यदिशा हो ।

सशस्त्र जनविद्रोहको कार्यदिशाबाट क्रान्ति सम्पन्न गर्न सकिएन भने पुनः नेपाली क्रान्तिको बाटो छापामार शैलीमा फर्कनु पर्नेहुन्छ। त्यसो भएर कमरेड माओले भन्नुभएको छ, हामीले छापामार युध्दलाई कहिल्यै भुल्नु हुँदैन ।

*(केसी अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन ।)*

# नेपाली कम्युनिस्ट आन्दोलनका अथक क्रान्तिकारी योद्धा कमरेड हर्कबहादुर शाहीको तेस्रो स्मृति सभा सम्पन्न




दैलेख। नेपाली कम्युनिस्ट आन्दोलनका अथक क्रान्तिकारी योद्धा कमरेड हर्कबहादुर शाहीको तेस्रो स्मृति सभा वहाँको निवास रहेको स्थान चामुण्डाविन्द्रासौनि नगरपालिका ४ वुढेलिमा कर्णाली प्रदेश सरकारका अन्तरिक मामिला तथा कानुन मन्त्री हिमबहादुर शाही, संघिय संसद राजबहादुर बुढा, पुर्व उपसभापति शुर्यबहादुर शाही नगर उपप्रमुख तारा खत्री, ललित सुनार, विष्णु शाही र सभाको अध्यक्ष नेकपा (क्रान्तिकारी माओवादी)का के.स. तथा प्रदेश सचिव र फाउन्डेसनका अध्यक्ष दिपक शाहीले गर्नु भएको समाचार छ ।

उक्त सभामा कमरेड हर्कबहादुर शाहीले सामाज परिवर्तन र आन्दोलनमा गर्नु भएको अथक योगदानका विषयमा चर्चा गरेका थिए। आम सर्वहारा श्रमजीवी किसान मजदुरहरुको पक्षमा निस्वार्थ, निष्ठापुर्वक जिवनको अन्तिम सम्म गर्नु भयो। वहाँले शिक्षा क्षेत्रमा गरेको योगदान, भौतिक योजनमा गरेका योगदान उललेखनीय छन्। उहाँले हलि गोठालाको मुद्दाहरुलाई लिएर संघर्ष चलाउनु भयो र उद्योग धन्दाको विकास गर्नु भयो।

# पश्चिम नवलपरासीको दाउन्ने बहुमुखी क्याम्पस र माविहरुमा संगठन विस्तार!



नवलपरासी - नेकपा( क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले जिल्लाको तीनवटा शैक्षिक संस्थामा संगठन विस्तार गरेको छ। संगठनले बर्दघाटको दाउन्ने बहुमुखी क्याम्पसमा निकिता चौधरीको अध्यक्षतामा ११ सदस्सीय समिति गरेको छ ।

समितिको उपाध्यक्षमा बास्मती चौधरी, सचिवमा अनु चौधरी, सहसचिव निशा कोषाध्यक्ष खुसमा बनियाँ र सदस्यहरुका बिमला बनियाँलगायत रहनुभएको छ। त्यस्तै दाउन्ने माविमा बिशाल पल्ली मगर अध्यक्ष रहेको समिति गठन गरेको छ। समितिको उपाध्यक्ष पुष्पा लामिछाने , सचिवमा अजय हरिजन सहसचिवमा शर्मिला थारु र कोषाध्यक्षमा लक्ष्मी सुवेदी सदस्यहरुमा उमेशलगायत ११ सदस्सीय रहेका रहेको जनाइएको छ। त्यस्तै बाल्मिकी मावि बर्दघाट-१ सृष्टी पाण्डेको अध्यक्षतामा २५ सदस्सीय ईकाई समिति गठन भएको छ। ती शैक्षिक संस्थाहरुमा संगठनका केन्द्रीय सदस्यद्वय मनोज थापा र दिलबहादुर चुदाँराले सम्बोधन गर्नुभएको थियो।

# नेकपा (क्रान्तिकारी माओवादी)को आयोजनामा देशैभर ३३औं जनआन्दोलन दिवस भव्यरूपमा सम्पन्न





चितवन। नेकपा (क्रान्तिकारी माओवादी) चितवनको आयोजनामा ३३ औं जनआन्दोलन दिवस भव्यरूपमा सम्पन्न भएको छ। नारायणगढको लायन्स चोकबाट र्यालीसहित पुल्चोकमा पुगेर जनसभामा परिणत भएको कार्यक्रममा नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्युरो सदस्य चन्द्रहरि सुवेदी अटलले यो ऐतिहासिक दिनको विशेष महत्त्व रहेको जनाउदै अब पनि जनताको वास्तविक व्यवस्था नयाँ जनवादी व्यवस्था ल्याउन संघर्ष गर्नुपर्ने बताए। उनले यो व्यवस्था नाममा गणतन्त्र भए पनि दलाल , भ्रष्ट र ठेकदारहरूको गरिब जनता चुसेर खाने जनतामारा व्यवस्थामा परिणत भएकोले दलाल संसदीय व्यवस्थाको अन्त्य गर्न जरुरी भएको जनाउदै स्थानीय निर्वाचन राजनीतिक लुटेराहरूलाई माला पहिराउनका लागि मात्रै भएको बताए। उनले देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न जनगणतन्त्र देशमा ल्याउन सबै देशभक्त एवम् कम्युनिस्टहरू एक भएर अघि बढ्नुको विकल्प नभएको बताए।

नेपाल कम्युनिस्ट पार्टी(क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज घननाथ सापकोटा विकासको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जिल्ला सेक्रेटरी तथा केन्द्रीय सदस्य अशोक शर्माले गरेका थिए।



त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी) बाँकेले खजुराको सिमलघारीमा ३३ जनआन्दोलन दिवस भब्य रूपमा मनाएको छ। सो कार्यक्रमको संचालक बाँके जिल्ला सेक्रेटरी कमरेड बिरेन्द्र शाही प्रमुख अतिथि बाँके जिल्ला इन्चार्ज कमरेड प्रतिज्ञा विशिष्ट अतिथि क्रान्तिकारी युवा लिग नेपालका केन्द्रिय महासचिव कमरेड भुकम्प अतिथि क्रान्तिकारी किसान महासंघका केन्द्रीय सदस्य कमरेड प्रेम बहादुर थापा अतिथि मगर रास्ट्रिय मुक्तिमोर्चाका केन्द्रीय सदस्य मुक्त बहादुर थापा हुनुहुन्थ्यो भने कार्यक्रम को अध्यक्षता खजुरा गा पा अध्यक्ष कमरेड शक्तिले गर्नु भएको थियो। कार्यक्रममा महासंघका केन्द्रिय सदस्य प्रेम बहादुर थापा र जिल्ला इन्चार्ज प्रतिज्ञा ले बोल्नु भएको थियो।

त्यस्तै नवलपरासीमा पनि २४ चैतमा नेकपा (क्रान्तिकारी माओवादी) पश्चिम नवलपरासीको आयोजनामा बर्दघाटमा विहीवार ३३ औं जनआन्दोलन दिवस विहीवार मनाइएको छ। २०४६ सालको जनआन्दोलनको स्मरणमा दिवस मनाइएको क्रान्तिकारी माओवादीका जिल्ला इञ्चार्ज क्षेत्रबहादुर थापा क्षेत्रीले जानकारी दिनुभयो। बर्दघाट-४ स्थित देवीनगरटोलमा आयोजित कार्यक्रममा बोल्दै बक्ताहरूले जनआन्दोलनले उचाई लिदै गर्दा नेतृत्व पक्तिबाट धोकाधडी हुने गरेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि क्रान्तिकारी माओवादीका जिल्ला इञ्चार्ज क्षेत्रबहादुर थापा क्षेत्रीले बि.स. २००७ साल देखि २०६२-२०६३ साल सम्मका हरेक आन्दोलनमा नेतृत्व बाट जनताले धोका पाएको बताउदै मजद्रु किसान सुकुम्वासी तथा आधारभुत एंव उत्पिडित वर्गका जनताले पटक पटक नेतृत्वबाट धोका पाएको भन्दै संसदवादीहरू जनतालाई झुक्याउनमा माहिर रहेको चर्चा गर्नुभयो।

कार्यक्रममा अखिल (क्रान्तिकारी)का केन्द्रीय सदस्य दिल बहादुर चुदाँराले शैक्षिक क्षेत्रमा भएको नीजिकरण ब्यापारीकरण र माफियाकरणका बिरुद्ध उत्रदै निर्वाचन बहिष्कारको आन्दोलनमा संगठन लागि परेको उल्लेख गर्नुभयो।




कार्यक्रममा क्रान्तिकारी माओवादी प्रदेश सदस्य तथा कार्यबहाक जिल्ला सेक्रेटरी रबि पाण्डेयले भुमीहिन सुकुम्वासी तथा विपन्न वर्गको भावना माथि खेलबाड गर्दै संसदवादीहरूले फेरि गाउँ गाउँमा भोट माग्न आएकोले यस पटक जनता सजग भएर त्यसका बिरुद्ध प्रतिकारमा उत्रिनुपर्नेमा जोड दिनुभयो।

क्रान्तिकारी पत्रकार महासंघका महासचिव समेत रहेको पाण्डेयले नो भोटको ब्यवस्था हुनुपर्नेमा जोड दिदै कसैलाई पनि मत दिन्न भन्न जनताले पाउनुपर्ने उल्लेख गर्नुभयो। कार्यक्रममा अखिल (क्रान्तिकारी)का केन्द्रीय सदस्य मनोज थापा , शहिद परिवारकी खुसी थापा लगायतको आतिथ्यता रहेको थियो।

उक्त कार्यक्रमको संचालन सो पार्टीका जिल्ला सचिवालय सदस्य दुर्गानारायण चौधरी र स्वागत जिल्ला सदस्य ज्ञानबहादुर केसीको रहेको थियो॥ कार्यक्रममा बिभिन्न जनवर्गीय संगठन आबद्ध नेता कार्यकर्ता एव स्थानीय समुदायको उपस्थिति रहेको थियो।

यता बुटवलमा पनि नेकपा (क्रान्तिकारी माओवादी ) रूपन्देहीले ३३ औं जनआन्दोलन दिवस बुटवलमा सप्पन्न गरेको छ। कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी )का प्रदेश सदस्य लक्ष्मीकान्त पौडेलले २०४६ को आन्दोलन चैत्र २४ को जनआन्दोलनले राजतन्त्रलाई घुँडा टेकाएको र २०६२ सालको चैत्र २४ को जनआन्दोलनको शुरुवातले गणतन्त्र स्थापना भएको र त्यसको नेतृत्व नयाँजनवादी क्रान्तिका पक्षधरले गरेका कारण चैत्र २४ गतेको आफ्नै ऐतिहासिक महत्त्व रहेको छ भन्नू भयो। कार्यक्रममा नवगठित राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष चिन्तामणि शर्मालगायतले आफ्नो धारणा राख्नुभएको थियो।

यसैगरी विरेन्द्रनगरको सुर्खेतमा पनि नेकपा (क्रान्तिकारी माओवादी) कर्णाली प्रदेशले ३३ औं जनाअन्दोलन दिवस प्रदेशको सदरमुकाम विरेन्द्रनगर सुर्खेतमा मनाइयो। कर्यक्रमलाई सम्बोधन गर्दै अनेरास्ववियु क्रान्तिकारीका नेता नेत्र बहादुर शाहीले नेपालको शिक्षा प्रणालीले ठूलो वर्ग भेद गरेको धनी पुँजीपतीहरूले पढ्ने विद्यालय र गरिवले पढ्ने विद्यालयहरू फरक फरक रहेको हुनाले वर्ग बिचको खाडल अझ बढ्दैछ भन्ने कुरामा प्रकाश पार्नु भयो।

तयसैगरी सम्बोधनका क्रममा क्रान्तिकारी युवा लिगका विकल्पले यो देशका हरेक परिवर्तनमा युवाहरूको अपरिहार्यताका बारेमा प्रस्ट पार्दै नयाँ जनवादी क्रान्तिको तयारीका चरण सिघ्राधी सिघ्र गर्नुपर्नेमा जोड्नु भयो। दलित मुक्तिमोर्चाका ललित विकले ३३औं जनान्दोलन दिवस मनाउदै गर्दा निरन्तर दलित माथी विभेद तथा यातना गरेरहेका घटना बढ्नु यो व्यवस्थाको असफलता हो र यसको विकल्प छिट्टै खोज्नुपर्ने कुरा बताउनु भयो। बौद्धिक व्यक्तित्व नारायण न्यौपानेले आसन्न निर्वाचन गर्नुको कुनै औचित्य नरहेको सार गर्वित कविता वाचन गर्नु भयो।

देजमोका कर्णाली प्रदेश सयोजक तेजविक्रम शाहीले सम्बोधनका क्रममा यो सरकार निकम्मा भैसकेको र यसको विकल्प चुनाव नभै क्रान्तिको तयारी नै भएको कुरामा जोड दिनुभयो। कार्यक्रमका प्रमुख वक्ता पार्टी पोलिट्ब्युरो सदस्य तथा कर्णाली प्रदेश ईन्चार्ज सीपी शर्माले अहिले पन्चेश्वर तथा महाकाली सम्झौताका विषयलाई सत्ताधारी तथा आकान्क्षी दलहरूले चुनावी नारा बनाएको कुरा प्रस्ट्याउदै हाल बजारमा देखिएको मुद्रा सन्कुचनको मुख्य कारण चुनावी दलहरूले चुनावको लागि गरेको जम्मा खोरी भएको बताउनु भयो। कर्यक्रमको समापन कार्यक्रमका सन्चालक तथा कालिकोट जिल्ला सेक्रेटरी तथा इन्जार्च कर्ण बहादुर बिसिँ किरणँ ले गर्नुभएको हो।




यता नेकपा (क्रान्तिकारी माओबादी) सिन्धुपाल्चोक जिल्लाले पनि ३३औ जन आन्दोलन दिवस भव्य रूपमा मनायो। उक्त अवसरमा सिन्धुपाल्चोक जिल्ला पार्टी कार्यालय उद्घघाटन पनि गरियो। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओबादी)सिन्धुपाल्चोक जिल्लाले ३३ औ जन आन्दोलन दिवस आज सम्पन्न गरयो। उक्त अवसरमा सिन्धुपाल्चोक जिल्ला पार्टी कार्यालय उद्घघाटन पनि गरियो।

ती दुवै कार्यक्रममा प्रमुख अतिथी नेकपा (क्रान्तिकारी माओबादी)का पिविएम सागरद्धारा दिप प्रज्वलन तथा कार्यालय बोर्डमा रीवन काटी उद्धाटन गरिएको थियो। कायक्रमको अध्यक्षता नेकपा (क्रान्तिकारी माओबादी)का केन्द्रीय सदस्य शिव श्रेष्ठले गर्नु भएको थियो।

उक्त कार्यक्रमको प्रमुख अतिथी सागरले जन आन्दोलनको महत्व बारे प्रकाश पार्नु भएको थियो। अन्य बक्ताहरूमा नेकपा मालेका प्रतिनीधि प्रदेश व्यूरो सदश्य . कृष्ण बाहादुर ठकुरी अनेम संघ क्रान्तिकारीका अध्यक्ष कमला श्रेक्ष, विद्यार्थी नेता जिल्ला अध्यक्ष रविना श्रेष्ठ, जनस्वास्थ सयोजक निरोज तामाङ, किसान नेता पहल मान श्रेष्ठ, दे ज मो अध्यक्ष तिलक श्रेष्ठ, तामाङ मोर्चाका प्रदेश सचिव धन गोलेद्वारा शुभकामना मन्तव्य राखिएको थियो। उक्त कार्यक्रमको संचालन नेकपा (क्रान्तिकारी माओबादी) सिसिएम तथा पार्टी जिल्ला सेक्रेटरी ज्ञानु खतिवडाले गर्नु भएको थियो। कार्यक्रमको अन्तमा कार्यक्रमका अध्यक्ष शिव श्रेष्ठद्वारा समापन गरिएको थियो।

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समितिको आयोजनामा ३३औ जनआन्दोलन दिवस समारोह सम्पन्न भएको छ।

राष्ट्रघाती एमसीसी खारेज र स्थानीय निर्वाचनको सक्रिय बहिष्कारबारे ३३औ जनआन्दोलन दिवस समारोह केन्द्रित रहेको स्थानीय नेताहरूले जनाएका छन्। सिन्धुली जिल्ला सिन्धुली माडी बजारको लोकतान्त्रिक चौतारीमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समितिको आयोजनामा ३३औ जनआन्दोलन दिवस समारोहको आयोजना सम्पन्न भएको छ।

उक्त कार्यक्रम व्यानर र नाराअंकित जुलुस प्रदर्शनसहीत लोकतान्त्रिक चौतारीमा कोणसभा संपन्न भएको छ। कोणसभामा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) केन्द्रीय समितिको सदस्य एबम् जिल्ला ईन्चार्ज जिवनले जनआन्दोलन दिवसको अवसरमा चैत २४ २०४६को संस्मरण गराउँदै संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिको निर्णयअनुसार राष्ट्रिय स्वाधीनताको रक्षाको लागि र जनतन्त्र, जनजीबिका र,असमान सन्धि खारेज गर्न संघर्ष गर्ने निर्णयका साथ अगि बढेको थियो।

सम्बोधनका क्रममा जीवनले राष्ट्रघाती एमसीसी खारेज गर्न भिषण संघर्ष अगि बढाउन आह्वान गर्नुको साथै राष्ट्रघाती एमसीसी ,सदनबाट पारित गर्ने संसदीय ब्यबस्थाको खारेज गर्न संघर्षको लागि आगामी बैसाख ३० गते हुने स्थानीय चुनावको सकृय बहिष्कार गरौं र नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न अगि बढौं भन्नेमा जोड दिनु भयो।

उक्त कार्यक्रमको संचालन देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका जिल्ला अध्यक्ष ढक प्रसाद देवकोटाले गर्नु भएको थियो र कार्यक्रममा जिल्ला समिति सेक्रेटरी सुवर्ण लगायत पार्र्टीका कमलामाई नगरपालिका ईन्चार्ज सेक्रेटरी जिल्ला समिति सदस्यहरूको उपस्थित थियो।

# नयाँ बर्ष २०७९

## अवसरमा सम्पूर्ण नगरवासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौ

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाहा,बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**नारायण वन**
नगर प्रमुख

**शीशीर पौडेल**
प्रमुख प्रशासकीय अधिकृत

## रत्ननगर नगरपालिका परिवार

चितवन, फोन नं. ०५६-५६०५२९



### नयाँ बर्ष २०७९

को अवसरमा सम्पूर्ण नगरवासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौ

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाहा,बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**प्रभा बराल**
नगर प्रमुख (मो.नं. ९८४३७६७९९५)

**राप्ती नगरपालिका परिवार**
राप्ती, चितवन



### नयाँ बर्ष २०७९

को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौ

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाहा,बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**गुप्तनाथ भट्टराई**
वडा अध्यक्ष (मो.नं. ९८५५०५८५७५)

**रत्ननगर नगरपालिका वडा नं. ३**
चितवन



### नयाँ बर्ष २०७९

को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौ

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाहा,बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**तिलक पौडेल**
वडा अध्यक्ष

**रत्ननगर नगरपालिका वडा नं. २**
चितवन



### नयाँ बर्ष २०७९

को अवसरमा सम्पूर्ण वडावासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौ

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाहा,बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**हरीकुमार श्रेष्ठ**
वडा अध्यक्ष

**रत्ननगर नगरपालिका वडा नं. १४**
मो. नं. ९८५५०६५९८२, चितवन

# माग्नुको समाजशास्त्र


● मोदनाथ मरहठ्ठा ●

माग्नु क्रिया पद हो। यसलाई विशेषण गराउँदा माग्ने भनिन्छ। माग्ने कामको अन्त्य नगरी मागि रह्यो भने त्यो मगन्ते भयो। माग्नुको क्षेत्र जति फराकिलो छ माग्नेहरू पनि त्यत्तिकै संख्यामा छन्। झट्ट सम्झंदा माग्नु हीनतावोध शब्द लागे पनि मागेको वस्तु प्राप्त भएमा सन्तुष्टिको अनुभव हुन्छ। हाम्रो समाजमा माग्नेलाई हेयको दृष्टिले हेरिन्छ तर यो समाजमा माग्दै नमागी जीवन निर्वाह गर्न सक्ने पात्र विरलै होलान आउनुहोस् नालि वेलिको खोजी गरौं।

माग्नेहरूको सुचि तयार गर्नै लाग्दा पहिलो मगन्ते म आँफै हुँ। जीवन निर्वाहमा खञ्ज खाँचो पर्दा चिनारु अचिनारु धेरैसँग धेरै पटक पैसा सापटी मागेको छु। मैले, मेरो आर्थिक हैसियत कमजोर हुँदा म माग्नेमा दरिएँ तर म माग्नेलाई सापटी पैसा रुपियाँ दिने साहुहरू तारन्तार म कहाँ फिर्ता माग्न, आउँछन्। मैले एक पटक मागें म माग्ने भएँ तर ती जो-जो मेरा साहु भए उनीहरू पटक पटक म कहाँ माग्न आउँछन्। उनीहरूलाई म माग्ने भन्न त सक्दिन। बलियोले घरिघरि माग्छ उ माग्ने वा मगन्ते हुँदैन तर म माग्ने हुन्छु। पैसाका अतिरिक्त म धेरै थोक माग्ने हुँ। तन्नेरी अवस्थामा म धुम्रपानी थिएँ कुनै बेला मसँग चुरोट हुन्थ्यो सलाई लाइटर नहुन सक्थ्यो। त्यस्तो बेला मैले धेरै पटक आगो मागेको छु। कुनै बेला एक फाँक सुर्ति पनि मागेको छु। यहाँ सुर्तिको कुरा गर्दा म पुरानो घटना सम्झन्छु एक पटक हामी गोरखा कारागारमा थुनिएका थियौं। हामी धेरै साथिहरू धुम्रपान प्रेमी थियौं।

कुनै साथिले एक पुरिया मडुवा सुर्ति किने र चुना मिसाएर माड्न थाले सुर्ति प्रेमी साथीहरूको घेरा लाग्यो साथिले सुर्ति माडेर सके हातहरूको जुलुस तेर्सियो उनले सबैलाई एक एक फाँक सुर्तित दिए उनको एक पुरिया सुर्ति चट् भयो। हामी मगुवा एक छिन सन्तुष्ट भयौं।

मान्छे किन माग्ने बन्छ यसको उत्तरमा जीवन निर्वाहका लागि वा आत्म सन्तोषका लागि भनिन्छ। मान्छे मात्र त्यस्तो प्राणी हो जो जीवनमा केही न केही कहीँ न कहीं मागेकै हुन्छ। मान्छे बाहेक माग्ने प्राणीमा गोठमा बाँधिएका गाई भैंसी बाख्रा आदिले घाँस पानी माग्दछन् तर तिनीहरूलाई खुल्ला गरदिने हो भने उनीहरूले केही माग्दैनन्। हामी मान्छे स्वतन्त्र छौं तर किन माग्दछौं ?

हिउँदको एक दिन म आफ्नै घर अघि पुस्तक पढ्दै थिएँ एक जना ८० वर्ष पार गरेकी आमै माग्दै उनी मेरो छिमेकी घरमा पसिन। त्यो दिन छिमेकी कहाँ पितृकर्मको दिन थियो। छिमेकीले उनलाई श्राद्धको प्रसाद ल्याएर दिए। ती वृद्धाले पैसा चामल मागेको सूचना दिइन छिमेकीले उनले भने जस्तै पैसा चामल पनि दिए उनी उठिनन् वरु झोलाबाट प्लाष्टिक बोतल निकालिन र खाने तेल पनि मागिन् उनले त्यो पनि पाइन बल्लबल्ल उठेर मेरो घर आइन र छिमेकमाझैं चामल पैसा लिइन उनले मतिर फर्किएर चुरोटको माग गरिन मैले म खान्न भनें। उनले नाति नातिनाका लागि खाजा देउ न भनिन्। केही दिन अघि राज्यले दिएको वृति लिन ती बृद्धा ने.वै.लि. मा गएको देखेको थिएँ र मैले सोधें भत्ता खोइ त ? उनी झर्किएर भनिन छोरा बुहारीले राख्छन्। यो मगाई ती वृद्धाको आवश्यकता कि वाध्यता यो दृश्यले मलाई वेस्सरी घोच्यो। माग्नु शब्दसित जोडिएका केही उखान, गीत, मिथक र कथाहरू छन्। मागी मागी ध्यू खिचडी भने झैं यो बूढी आमैले त्यसै गरिन्।

माग्ने एक प्रकारको पेशा पनि हो। गोरखाको गोरख गुफामा कान चिरेका वावाहरू बस्छन् कतिपय त्यहींको आश्रममा बस्छन् भने कोही गृहस्थामा बस्छन्। उनीहरू राति वा घरघर गएर रातको समय फेरी लगाउँछन् र बिहान भए पछि सिदा उठाउँदै आउँछन्। उनीहरू आफू माग्ने नभइ परम्परागत पेशा अपनाएको दावी गर्छन्। रमाइलो त के छ भने कि कनफट्टा बाबहरूको आ-आफ्नो क्षेत्र छ यदी कुनै बाबाले क्षेत्र उल्लंघन गरेमा उनिहरू बिचमा झगडा भएको देखेको सुनेको छु। अर्का एक थरि नीष्ठाका जोगी छन् जो दश बाह्र घरमा भिक्षा थाप्छन् र त्यसदिनको खाना खान्छन् यस्ता जोगी लोपोन्मुख अवस्थामा छन्।

मागेर लिनु मान हो कि अपमान म घोत्लिन्छु। मेरो गाउँ समाज र देशभित्रका धेरै वासिन्दा माग्ने हुन भन्ने मेरो ठम्याई छ। धेरै भन्दा धेरै पुरुषहरूले अर्काकी कन्या मागेर घरजम गरेका छन् यस्तो सम्बन्ध मागी-मागी ध्यू खिचडी होइन र ?

हिन्दु धर्मको पुराणहरूमा राज्य वा धनसम्पत्ति मागेका थुप्रै मिथकहरू धार्मिक प्रवचनमा सुन्न पाइन्छ सायद यस्तै मिथकिय प्रभावले होला सबै पूरोहितहरूले यजमान कहाँ पैसा र चामलको मात्रै माग गर्छन्। सायद यसैले बनेको होला दानीलाई हानि हुँदैन भन्ने तुक्का। चोरे दण्ड पाइन्छ मागे राज्य पाइन्छ भन्ने उखान यस्तै पुरोहितले बनाएका पो हुन की।

मैले आफू माग्ने भएको छाटो सवुद माथि नै पेश गरें तर तपाईं पनि कहिं न कहिं माग्ने ठहरिनु हुन्छ। तपाईं केही सामान खरिद गर्न पसलमा पुग्नु हुन्छ र भन्नु हुन्छ। साहुजी फलानो सामान दिनुस्न। अथवा साहुजीले सोध्छ तपाइँले के माग्नु भएको ? यहाँ तपाईं क्रेता होइन माग्ने वन्नु हुन्छ।

केही सालिन मान्छेहरू पनि माग्ने हुन्छन् भन्दा विश्वास गर्न गाह्रो हुन्छ। तपाइँ कवि लेखक वा विचारक हुनुहुन्छ र शालिन सम्पाकदले तपाइँसँग लेख, कविता धारणा माग्छ हामीले सभ्य र शिष्ट मानेको मान्छे पनि माग्ने पो रहेछन्। यस्तै कतिपय कवि साहित्यकारहरू पनि माग्ने हुन्छन् भन्ने सुन्दा तपाईं पत्यार मान्नु हुन्न तर केही साहित्यकारहरूले पुरस्कार वा सम्मान माग्ने गरेका समाचारहरू कतै सुनिएको छ।

माग्नेको श्रृङ्खला अनन्त छ। सबैभन्दा धेरै मोग्हरू राजनैतिक वृतमा छन्। सबै मुलुकमा आवधिक चुनाव हुन्छ। त्यस्तोमा भिड्न सबै पार्टीमा होड चल्छ टिकट माग्नेहरूको घुईचो हुन्छ। जब टिकट पाउँछ मत माग्न जनताकहाँ धाउँछ जसले धेरै चन्दा माग्न सक्यो, जसले धेरै भोट माग्न सक्यो जित उसैको हुन्छ। जसले जितेर जान्छ जागिर माग्नेहरूको भीड उसैकोमा हुन्छ योजना

माग्नेहरूको फायल उसैकोमा हुन्छ अनि पारित भएका योजनाका ठेकेदारहरूसँग कमिशन माग्ने पनि उही जितुवा हुन्छ।

राजनैतिक वृतमा मात्र माग्नेहरू छन् होइन कर्मचारी वृतमा पनि उत्तिकै छन् उनिहरू पेशा सुरक्षाको सामुहिक माग गर्छन भने सरुवा बढुवाको नीजि मागका अतिरिक्त सेवाग्राहि सित खास खुस माग्ने पनि गर्छन्। मागेको धोतिले मेरो लाज छोपिन्न भन्ने गीत यस्तै ठाउँमा गाउँदा कसो होला ?

राजनिती, कर्मचारी नवनी सकेका विद्यार्थीहरू पनि माग्ने कर्ममा लाग्छन् तर उनीहरूका माग्ने कृया भने अलि फरक छ। विद्यालय, महाविद्यालय वा विश्वविद्यालयले शुल्क बढायो वा अवैज्ञानिक नीति नियम बनायो भने उनीहरू सडकमै आएर माग्छन्। राज्य वा सम्बन्धित पक्ष सम्वेदित हुँदैन। विद्यार्थीहरू मागेको माग्यै गर्छन् राज्यले रोक्न, छेक्न प्रहरी पठाउँछ। रोक्न वा छेक्नमा हारे पछि प्रहरीले लाठी गोली चलाउन आदेश माग्छ ल हेर्नुस माग्ने माथिको माग्ने श्रृङखला।

माग्नुको वैधता, व्यवहारिकता वा सभ्यता समाजको अभिन्न संस्कृति पनि बनेको छ। एउटी गृहणीले आफ्नो छिमेकीसँग एक छाक तिहुन माग्नु, तिर्खाएको वटुवाले एक घुट्को पानी माग्नु वा मर्दा पर्दा छर छिमेकी सित सर सहयोग माग्नु व्यवहारिक जीवनका सकार हुन तर माग्ने जिजीवीषा हुर्काउनु आफु सम्पन्न बन्नका लागि माग्नु जीवनका त्यज्य गुण हुन् तर सास रहेसम्म आस भने जस्तैं माग्ने क्रम रोकिएको छैन।

हिजो आज सिङ्गो मुलुक भरि माग्नुको पूर्वाभ्यास शुरु हुन थालेको छ। मैले माथि भने झैं आवधिक भाले छानिने पार्टी कार्यालय रहेका दरवारमा मगन्तेहरूको भीड लागेको छ। यतिबेला खुमलटार, बालुवाटार, कोटेश्वर, बालकोटमा माग्नेहरूको बाक्लो भीड छ टिकट माग्ने देखि अनुदान माग्न जागिर माग्न देखि ठेक्का माग्न दौडादौडले एउटा रमिता लागेको छ। दरवारको केन्द्र आफू नजिकै कन्तुर राखेर दरवार भेटी मागी रहेछ। जो सित कन्तुर भरिने नगद नारायणको पहुल छ त्यो विनियम गरेर टिकट मागि रहेछन्। जब कुनै मगन्तेको माग पूरा हुन्छ अनि उ हामी जनता कहाँ माग्ने विषय लिएर आउँछ। चोक चौतारोमा उधारो मोलि मोलाई शुरु हुन्छ एउटाले मत माग्छ दाताले दानापानीसँगै बाटो बिजुली माछन् त्यहाँ दोहोरो मगाइ हुन्छ।

चार वर्ष अघि म पनि यस्तै मगुवा भएर चितवनको क्षेत्र नम्बर एकमा डुलेको थिए शहरका चोक चौतारामा उभिएर मैले पनि भोट मागेको थिएँ। म र मेरो टोलीमा हामी तीन उमेदवार मात्र थियौं शहरको चोक-चोकमा हाम्रो वरिपरि भीड थिएन र हामीले दिन सक्ने विषय पनि केही थिएन। हामी माँस मदिरा दिनेवाला थिएनौं त्यसैले हामीसित भीड भएन हामी वस्ति भित्र पस्यौं। फुलौरियाको एउटा घर अघि एउटी युवती हामीतिरै हुर्रँदै आइन शिक्षाशास्त्रमा स्नातकोत्तर उतीणर् ती युवती वेरोजगार थिइन। उनले मसित माग राखिन कि नेपालको जुनसुकै ठाउँमा पनि म जान तयार छु, मा.वि. नपाए प्रा.वि. शिक्षक पनि मञ्जुर छ। उनको यो माग धेरै पिडा मिश्रीत थियो। तर हामी लाचार थियौं। हामी उधारो आश्वासन दिन पनि सक्दैनथ्यौं। लोप्रे ओठ लगाएर हामी बाटो लाग्यौं। अर्को गाउँमा एउटा किसनाको पीडा धेरै पेचिलो रहेछ। कुनै विचौलीयाको फकाइ फुल्याइमा उनले बाटो नभएको जग्गामा घडेरी किन्न पुगेछन् चारैतिर जमिन्दारको जग्गा छ बीचमा दुईकठ्ठा जमिनसँगै उनको घर छ तर साइकल गुड्ने बाटोसम्म छैन। किसानले आफ्ना मर्मको माग राखे जोगीको घर सन्यासी पाहुना भने झैं हामी चुपचाप फर्कियौं।

माग्नु पनि एउटा कला हो एउटा खेति वा उत्पादन हो। अस्तिताका एक जना प्रभावशाली नेताले मोही माग्ने ढुङ्गो नलुकाइकन चीन र भारतीसित नगद कै माग गरे। हामी पेट पाल्न माग्दै हिंडेका दीन र असहायलाई हेयको आँखाले हेछौं तर ठूला मगन्तेलाई भने सलाम ठोक्छौं। जबसम्म हामी आफ्नै खुट्टामा उभिने आँट गर्दैनौं माग्नुको यात्रा निरन्तर जारी रहन्छ।
२०७८/१२/२४

## निर्वाचन...

आधारित व्यवस्था हो। यसले गरिबलाई झन् झन् गरिब र धनीलाई झन् झन् धनी बनाउँछ। शिक्षा र स्वास्थ्यलगायत जनताका आधारभुत आवश्यक क्षेत्रमा समेत निजीकरण, व्यापारीकरण र माफियाकरण गरिन्छ, गरिएको छ। जनताप्रति राज्यव्यवस्था उत्तरदायी र जवाफदेही हुँदैनन्। भएका छैनन्।

४. यो व्यवस्थाका तीनवटै अंग न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका भ्रष्ट, नालायक र निकम्मा साबित भइसकेका छन्। र, कार्यसम्पादनमा पुर्ण रूपमा असफल बनिसकेका छन्।

५. निहित स्वार्थका लागि संसदीय व्यवस्थामा आफैले बनाएको कानुन र संविधानको समेत धज्जी उडाइन्छ। सत्ता र शक्तिको बोलवाला हुन्छ। गरिब, शोषित, उत्पीडित र सीमान्तकृत जनताले कहिल्यै राज्यको अनुभूति गर्न पाउँदैनन्। कहिल्यै न्याय पाउन सक्दैनन्।

६. न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाले सेटिङ मिलाएर देश र जनतालाई लुट्छन्। चरम रूपमा पदीय दुरूपयोग गरेर भ्रष्टाचार र अनियमितता गर्छन्। केन्द्र, प्रदेश र स्थानीय तहमा बढ्दो भ्रष्टाचारको ग्राफले यसै तथ्यलाई पुष्टि गर्दछ। र, भ्रष्टाचार सम्बन्धी अनुसन्धान गर्ने संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलले नेपालको प्रधानमन्त्रीलाई नै भ्रष्टाचारको नाइकेको संज्ञा दिँदै आएको छ। तथ्यहरूले यसको पुष्टि पनि गरेको छ।

७. विदेशी ऋण, अनुदान,लगानीमा समेत चरम भ्रष्टाचार गरिन्छ, विनियोजित विकास बजेट असारे विकासको नाममा स्वाहा पारिन्छ। कमिसन र चरम भ्रष्टाचारका कारण हरेक योजनामा विनियोजित बजेटको ४० प्रतिशतको पनि काम हुँदैन। यस तथ्यका अनगिन्ती उदाहारणहरू छन्।

८. जतिसुकै भ्रष्ट, अनैतिक, हत्यारा, बलात्कारी, अपराधी भए पनि उ सत्ता र शक्तिको नजिक छ वा धनी पुँजीपति भयो भने ऊ कानुनी सजायबाट समेत उन्मुक्ति पाउँछ। ठूलालाई चैन, सानालाई ऐन। आम जनताले यसको प्रतयक्ष रूपमा अनुभूति गरेका छन्।

९. सांसद, मन्त्रीहरू भ्रष्टाचारमा मुछिए पनि, भ्रष्टाचार गरेको पुष्टि भए पनि उनीहरूलाई कानुनी दायरामा ल्याइन्न। राजनीतिक संरक्षण गरिन्छ। कुनै कारबाही हुन्न, बरु पुरस्कृत गरिन्छ। देश र जनता लुट्न उनीहरूले जनताकै भोटबाट 'विशेषाधिकार' पाएका हुन्छन्।

१०. संसदीय निर्वाचन इमानदार, त्यागी, निष्ठावान, क्षमतावान तथा देश जनतालाई चाहिने व्यक्ति भन्दा पनि जसले छलछाम, षड्यन्त्र, साम, दाम, दण्ड, भेद गर्न सक्छ, उसैले टिकट पाउने र चुनाव जित्ने गरेका अनेकौं दृष्टान्त छन्। जसरी पनि चुनाब जित्ने नाममा देश र जनतालाई लुट्ने नामुद फटाहा, माफिया, भ्रष्टाचारी, व्यविचारी, हत्यारा, बलात्कारी, तस्करहरूले नै चुनाबमा टिकट पाउने गरेका छन्। विडम्बना, जनतालाई विभिन्न प्रलोभन, डर र धम्की देखाएर चुनाब पनि तिनै तत्वले जित्ने गरेका छन्।

११. संसदीय व्यवस्थाको चुनावमा दल र व्यक्तिहरूले विदेशीको दलाली गरेर, उनीहरूबाटै मोटो पैसा लिएर चुनाव लड्ने र जित्ने गरेका र विदेशीकै नीति र निर्देशनमा देश र जनताको हितविपरीतका काम गर्ने गर्छन्। उनीहरूकै हितनुकुलका नीति नियमहरू तर्जुमा गर्ने गर्दछन्।

१३. लाउडा काण्डदेखि बतास काण्डसम्म, नुमिता-सुनिता हत्याकाण्डदेखि निर्मला हत्याकाण्डसम्मका सयौं काण्ड र प्रकरणहरूले बदनाम संसदीय व्यवस्थाको चुनावले अपराधीहरूलाई चोख्याउने भन्दा अर्को काम गरेको छैन। राजनीतिलाई अपराधिकरण गरेको छ।

१४. प्रधानमन्त्री निवास बालुवाटार, नारायणहिटी दरबारको समेत सरकारी जग्गा हड्प्नेहरूमा देशका प्रधानमन्त्री, मन्त्रीहरूकै नाम अगाडि छ। अख्तियार र अदालतमा मुद्दाका चाङमाथि चाङ छन्, सत्ता र शक्तिको आडमा त्यस्ता मुद्दाकै हत्या गरिएका सयौं दृष्टान्तहरू छन्। अख्तियार र अदालत समेत भ्रष्टाचारको अखडा बनेपछि यो व्यवस्थामा जनउत्तरदायी शासन र प्रशासनको कल्पना पनि गर्न सकिन्न।

१५. शासकहरूलाई कमिसन बुझाएर उद्योगी व्यापारीहरूले मनलाग्दी दैनिक उपभोग्य वस्तुको भाउ बढाउँछन्, कालो बजारी गर्छन् र उपभोक्तामाथि ब्रम्हलुट मच्चाउँछन्। यहाँसम्म कि उपभोक्ताहरूको स्वास्थ्यमा गम्भीर असर पर्ने खालका विषादीयुक्त र अखाद्य पदार्थ मिसावट गरेर बेच्छन्। शासकहरू आँखा चिम्लिन्छन्। जनता खान र उपचार नपाएर मर्छनू, सांसद मन्त्रीहरू औषधिदेखि लास जलाउने घाटसम्ममा कमिसन असुल्छन्।

१६. प्रत्येक चुनावको मुखमा र चुनावपछि अच्चाकली मुल्यवृद्धि हुन्छ। चुनावमा संसदवादी पार्टीहरूलाई दिएको मोटो चन्दा रकमको व्याज स्याजसहित उद्योगी व्यापारीहरूले उपभोक्ताबाट असुल्छन् अस्वाभाविक र अच्चाकली मुल्यवृद्धि गरेर। सरकार र दलका नेता कार्यकर्ताहरू चुँ सम्म बोल्दैनन्। बरु उद्योगी व्यापारीहरू खुल्लेआम चुनावमा पार्टीहरूलाई गरेको चन्दा सहयोग असुल्न मुल्यवृद्धि गर्नुपरेको बताउन थालेका छन्।

१७. कमिसन लिएर युवा जनशक्तिलाई विदेशमा बेचि खाने गरेको छ संसदीय व्यवस्थाले। रगत र पसिना बगाएर तिनै युवा शक्तिले पठाएको पैसा (रेमिटान्स)बाट देशको अर्थव्यवस्था धानिएको छ। करिब १ करोड (जनसंख्याको तीन भागको एक भाग) नेपाली अहिले पनि विभिन्न देशमा मजदुरी गरिरहेका छन्। उनीहरूको ज्ञान, सीपसहितको स्वदेशमा व्यवस्थापन गर्ने भिजन र सामर्थ्य संसदीय व्यवस्थासँग छैन। गर्दा पनि गर्दैन।

१८. नेपालको प्राकृतिक स्रोतसाधनहरू- जलसम्पदादेखि खनिज सम्पदासम्ममा भारतीय र अमेरिकी एकाधिकार कायम हुँदै गएको छ। आफ्नै देशको, आफ्नै गाउँ ठाउँको वनजंगल, जडिबुटी, खोला नदीनाला, खनिज पदार्थ (प्राकृतिक स्रोधसाधन)माथिको जनअग्राधिकार खोसिएको छ। ती स्रोतसाधन विदेशीको कब्जामा पर्दै गएका छन्।

१९. भारतसँग गरिएका सन् पचास लगायत असमान र राष्ट्रघाती सन्धि सम्झौताहरू र अमेरिकासँग हालै गरिएको राष्ट्रघाती एमसीसीका कारण नेपालको स्वाधीनता सारतः गुमिसकेको अवस्थामा छ। यहाँका संसदवादी पार्टीका नेता कार्यकर्ता, कर्मचारी प्रशासन, सुरक्षा निकाय, बुद्धिजीवी, नागरिक समाजदेखि लेखक पत्रकारसम्मको दलालीकरण तीव्र बनेको छ। देशको कानुन, संविधान, शासन, प्रशासन, नीति नियमदेखि दलहरूका नीति र नेतृत्व चयन र निर्वाचनमा उम्मेद्वार खडा गर्नेसम्ममा विदेशी शक्तिहरूको दबाब र प्रभाव बढेको छ। कुनै पनि नीति निर्णय गर्न र लिन दलहरू स्वतन्त्र छैनन्। उनीहरूले त्यो हैसियत गुमाइसकेका छन्।

२०. राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डताको रक्षा, जनअधिकारको स्थापना र जनताका जनजीविकाका समग्र समस्याहरूको एकीकृत समाधान यो संसदीय व्यवस्था र यो व्यवस्था अन्तर्गत हुने आवधिक निर्वाचनबाट सम्भव छैन कुरा पटक पटक प्रमाणित र स्थापित भइसकेको छ। यो निर्वाचन र संसदीय व्यवस्थाको औचित्य पूर्णरूपमा समाप्त भइसकेको छ। फेरि पनि निर्वाचन प्रक्रियामा सहभागि भएर यही जनघाती र राष्ट्रघाती व्यवस्थाका मतियारहरूलाई आफ्नो अमूल्य मत दिनु भनेको राष्ट्रघात र जनघातमा सहभागिता जनाउनु नै हो। र, त्यो भनेको जनताले आफ्नो खुट्टामा आफैले बन्चरो हान्नुजस्तै हो। यस्तो आत्मघाती काम जनताले गर्नु हुँदैन। एक छिनको गल्तीले बर्षौंसम्म पछुताउने काम सचेत जनताले गर्दैनन्। गर्नु हुँदैन। 'निर्वाचन बहिस्कार', 'नो भोट', 'राइट टु रिजेक्ट' जस्ता अभियानहरूलाई जनताले स्वतःस्फूर्त रूपमा अगाडि बढाउन जरुरी छ। र, अन्ततः यो व्यवस्थालाई विस्थापित गर्दै जनताको नयाँ जनवादी व्यवस्था (जनगणतन्त्र) स्थापित गर्ने संघर्षलाई रणनीतिक रूपमा संगठित रूपमा अगाडि बढाउन गर्न जरुरी छ।

❑ यो साताको कविता

## कवि र क्रान्तिकारी


❑ जगदीशचन्द्र भण्डारी ❑

क्रान्तिकारी र विद्रोहीहरूको
ठेगाना थातथलो र पहिचान
क्रान्ति र विद्रोहमै त हुने हो
कतिचोटि मर्छन्
वा थाकेर कतै सर्छन्
त्यस्तो हुँदैन क्रान्तिकारीहरूको

साँच्चैका कवि
जसरी आफ्ना कवितामा
क्रान्तिकारी विद्रोही भएर बाँच्छन्
र कहिल्यै विचारको थलोबाट
अन्त कतै बसाइँ सर्दैनन्
पुँजीवादी अकविताको जङ्गलमा
घृणित रोगबाट थलिएर
कहिल्यै मर्दैनन्
साँच्चिकै कवि र कविता
त्यसरी नै
क्रान्तिकारी विद्रोहीहरू
आफ्नो स्वार्थ खातिर
आफैंलाई आगो लगाएर
बसाइँ सर्दैनन्
क्रान्तिकारी विद्रोहीहरू
क्रान्ति र मुक्तिका आँखा बन्छन्
असल कवि र कविताका
उदाहरण बन्छन्
संसद्को गुहे ढलमा
डुबुल्की मारेर
सुगन्धित भएको ढोंग गर्दैनन्
क्रान्तिकै उज्यालोमा
जिउँछन् त्यसरी मर्दैनन्

## चुनाव बहिष्कार


❑ धनेश्वर पोखेल ❑

संसदीय ब्यबस्था नाङ्गिएको छ
यहाँका
संसदबादी दलहरू झन नाङ्गिएका छन्
नेताहरूको त कुरै नगरौ
उनीहरू झन यति नाङ्गिए की
उनलाई देख्न त के नामै सुन्न लाजलाग्ने भयो
यस्तो पाजी ब्यबस्थामा चुनावको के अर्थ ?
हो
त्यसैले हामी बहिस्कार गर्छौं।

लोकतन्त्र भनेको जनतन्त्र हो /गणतन्त्र हो
जनतन्त्र भनेको जनताको शासन हो
जनताको सासनमा त
न्याय हुन्छ /समानता हुन्छ
इमान्दार, सज्जनहरूको कदर हुन्छ /सम्मान हुन्छ
स्वच्छ प्रतिष्पर्धा हुन्छ
असल मान्छेको जीत हुन्छ
असल मान्छेले देश र जनताको हित गर्छ
तर यहाँ ठिक उल्टो भईरहेछ
यहाँ त
नपुङ्सक नागाहरूले जित्ने खेल हुन्छ
धन र डनको बलमा
गाउँ -गाउँमा रक्सी र मासुको भेल हुन्छ
यस्तो घृणित चुनावको के अर्थ ?
हो,
त्यसैले हामी यसलाई असफल पार्न बहिस्कार गर्छौं।

मरणासन्न ब्यबस्था टिकाउन
राष्ट्रघाती चण्डालहरूलाई
फेरी अर्को लाइसेन्स दिन
राष्ट्रको ढुकुटी रित्याएर
मुलुकलाई हरिकङ्गाल गराउन
चोरलाई चापी दिएर
जनताको खुन-पसिना लुटाउन थालिएको
वर्ग-बैरीहरूको नौटङ्कीपूर्ण यो चुनावको के अर्थ ?
हो,
त्यसैले हामी यसलाई सशक्त बहिष्कार गर्छौं।

साढेहरू मत्ताई रहेछन्
सगरमाथा भत्काई रहेछन्
उन्मत्त सेतो आतङ्क मच्चाएर
धर्ति कोलाहल बनाई रहेछन्
फेरी तिनै मत्ताहा साढेहरू
झुट,भरम् र रित्ता सपनाका पुलिन्दाहरू बोक्दै
गाउँ -गाउँ डुलि रहेछन्
जाड-रक्सीका म्चकमा जहर घोलेर
मात्र यौटा अमूल्य भोटको दुरूपयोग गर्न
उनिहरूको जीवन बर्बाद गरिरहेछन्
कुखुराको चल्लासरी
मानिसको खरिद-बिक्री गरेर
मानव अधिकारको हनन् गरिरहेछन्
यस्तो नीच ब्यबस्था र शासन सैलीमा
ञञजात हाल्नु गहतको झोलमाझझ भनेझैं
चुनाव उपयोगको के अर्थ ?
हो, त्यसैले त हामी
मक्किएको राज्यसत्ता ध्वस्तपार्न
विभिन्न रूप रङ्गका साढेहरूको राम्ररी ढाड मस्काउन
चुनावको सशक्त बहिष्कार गर्छौं
पर्तिरोध सङ्घर्षको सुरुवात गर्छौं।
खबरदार !
देश बेचुवा दलालहरू गाउँ -गाउँ नपस।
२०७८/१२/२२

# ‘प्रतिक्रियावादी निर्वाचन बहिष्कार गरौ !’ भन्ने पोष्टर र पर्चा टाँसेको च्यातेको र उक्काएर लगेको घटनाप्रति नेकपा(क्रान्तिकारी माओवादी) ४ नं प्रदेश समितिको गम्भीर ध्यानाकर्षण र उक्त कार्यको घोर निन्दा र भर्त्सना

जिल्ला प्रहरी कार्यलय, नवलपरासी (पूर्ब) को प्रहरी टोलीले ‘प्रतिक्रियावादी निर्वाचन बहिष्कार गरौ !‘ भन्ने पोष्टर र पर्चा टासेको स्थानबाट च्यातेको र उक्काएर लगेको पाइएको र आफ्नो घरमा टांसिएको भन्ने आधारमा पार्टीका बैकल्पिक पोलिट ब्युरो सदस्य तथा ४ नं प्रदेश सह इन्चार्ज कमरेड अनकुललाई चैत्र २५ गते बेलुका निजको घरमा पुगेको जिल्ला प्रहरी कार्यलय, नवलपरासी (पूर्ब) को प्रहरी टोलीले अनावश्यक कुराहरू सोधपुछ गर्दै गिरप्तारीको प्रयास गरेको जानकारी प्राप्त भएको छ। सरकारको त्यस्तो जनविरोधी कायृका विरुद्ध नेकपा(क्रान्तिकारी माओवादी) ४ नं प्रदेश समितिको गम्भीर ध्यानाकर्षण र उक्त कार्यको घोर निन्दा र भर्त्सना गर्दै प्रेस विज्ञप्ति पूर्णपाठ :

"संसारका मजदुरहरु एक होऔ !"
"मार्क्सवाद-लेनिनवाद-माओवाद -जिन्दावाद !"

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)**
**Communist Party Of Nepal (Revolutionary Maoist)**
**४ नं प्रदेश समिति**
**4 Number Province Committee**

**प्रेस विज्ञप्ति**

हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को गत २०७८ साल फागुन २५ देखि २९ गते सम्म सम्पन्न केन्द्रिय समितिको बैठकको निर्णयलाई फागुन ३० गते प्रेस विज्ञप्ति मार्फत आगामी स्थानिय निर्बाचनलाई सक्रिय बहिष्कार गर्ने निर्णय सार्वजानिक गरेको कुरा सर्वविधितै छ।
त्यही सिलशिलामा स्थानीय निर्बाचन बहिष्कार प्रचार प्रसार अभियानको क्रममा "प्रतिक्रियाबादी निर्बाचन बहिष्कार गरौ !" भन्ने पोष्टर र पर्चा आफ्नो घरमा टाँसिएको भन्ने आधारमा पार्टीका बैकल्पिक पोलिट ब्युरो सदस्य एवंम ४ नं प्रदेश सह इन्चार्ज कमरेड अनकुललाई मिति २०७८/१२/२५ गते बेलुका निजको घरमा पुगेको जिल्ला प्रहरी कार्यलय, नवलपरासी (पूर्ब) को प्रहरी टोलीले अनावश्यक कुराहरु सोधपुछ गर्दै गिरप्तारीको प्रयास गरेको र उक्त प्रचार सामग्रीहरू टाँसेको स्थानबाट च्यातेको र उक्काएर लगेको घटना प्रति नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ४ नं प्रदेश समितिको गंभिर ध्यानाकर्षण भएको छ र उक्त कार्यको घोर निन्दा र भर्त्सना गर्दछ। अनावश्यक उत्तेजित तथा आतंकित बनाउने यस प्रकारको प्रहरी हस्तक्षेप अविलम्व बन्द गरियोस्।

१) नेपालको संविधान २०७२ ले राजनैतिक दलहरु माथी कुनै पनि किसिमको प्रतिवन्ध लगाइने छैन र शान्तिपर्ण रुपमा आ आफना राजनीतिक गतिवीधि गर्न पाउने व्यवस्था गरेको छ।
२) निर्वाचन उपयोग गर्न वा बहिस्कार गर्न, मौन रहन या सर्मथन र बिरोध गर्न पाउने सम्वधित राजनैतिक दलको विषय हो। राज्यले हस्तक्षेप गर्न पाइदैन् र नेपालको सन्दर्भमा वर्तमान सरकारमा रहेका र प्रतिपक्षमा रहेका सबै दलहरुले पनि चुनाव बहिस्कारको अभ्यास गरेको इतिहास पनि छ।
३) विश्वव्यापी मान्यताको र संविधानले समेत प्रत्याभूति गरेको मानव अधिकारलाई राज्यबाट उल्लंघन हुनु गंम्भीर विषय हो भन्ने हामीलाई लागेको छ।
४) राज्यबाट गरिएको यसप्रकारको हस्तक्षेपले दश बर्षे जनयुद्ध, १९ दिने महान जनआन्दोलनबाट प्राप्त गणतन्त्र लगायतका उपलब्धी माथी चुनौती हो भन्ने हामीलाई लाग्दछ।

अतः माथी उल्लेखित विषयमा नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेको व्यवस्था अनुसार गणतान्त्रिक व्यवस्थामा निर्बाचनमा भाग लिने अथवा बिरोध र बहिष्कार गर्न पाउने नागरिकको सवैधानिक, नैसर्गिक र मौलिक अधिकार माथि राज्यद्धारा गरिएको ठाडो हस्तक्षेप र दमनको विरुद्धमा आवाज उठाउन सम्पर्ण राजनैतिक दल, मानव अधिकारवादी संघ संस्था, पत्रकार, नागरिक समाज लगायत आम जनसमुदायलाई आब्हान गर्दछौं।

मिति : २०७८/१२/२६

क. किशोर
प्रदेश सेक्रेटरी

## नेपालमा...

हैसियत खस्कँदै अर्ध औपनिवेशिक हुँदै नव औपनिवेशिक अवस्था तिर झर्दैछ।

नेपालमा १०४ वर्ष सम्म सामन्ती, निरंकुश शासन व्यवस्था कायम भयो। सम्वत् २००७ सालमा त्यो निरंकुश शासनका विरुद्ध विस्फोट भएको जन आन्दोलनबाट त्रसित राणा शासकहरूको भय दोहन गर्दै नेपाल र भारतका वीचमा ‘१९५० को सन्धी’ भयो। उक्त सन्धीले नेपाललाई भारतको अर्ध उपनिवेश बनाउने काम गऱ्यो। राणा शासनको अन्त्यपछि शासन व्यवस्थामा थोरै हेरफेर भयो। सरकार बदलियो। तर त्यहि सरकारबाट नेपाललाई प्रकृतिले वरदानका रूपमा दिएको जलस्रोत र नदी नालालाई विभिन्न असमान सन्धी सम्झौता गरेर भारतको हातमा सुम्पने काम भयो।

देशभक्त नेपाली जनताले पटक पटक देशभक्तिपूर्ण संघर्षहरू गर्दै आएका छन्, तर विदेशी हस्तक्षेप भने नयाँ नयाँ किसिमले झन् झन् बढ्दै गएको छ। यो दुर्भाग्यपूर्ण अवस्था हो। यस प्रकार, नेपाल दक्षिणतिरको छिमेकी भारतबाट उन्पीडित हुँदै आएको छ। यो वाह्य हस्तक्षेपबाट नेपाललाई मुक्त पार्नका लागि देशभक्तहरूले संघर्ष त गर्दै आएका छन्। तर, ती संघर्षहरूले सकारात्मक परिणाम ल्याइहाल्न नसकेको कुरा माथि उल्लेख गरि सकिएको छ। भारतीय विस्तारवादको हस्तक्षेपका कारण, नेपालले आफ्नै नदीको पानीको उपयोग गर्न नपाउने, भारतले सिमानामा बनाएको अग्लो सडक र बाँधका कारण तराईको जमिन र घरहरू हरेक साल डुवानमा पर्नु पर्ने, नेपाली युवाले महाकाली नदी तर्दा भारतीय सीमा सुरक्षाँबलले तुइन झारिदिँदा मृत्यु वरण गर्नु पर्ने, भारतीय सामानले नेपाली बजार कब्जा गर्दा नेपाली उत्पादकले बजार नपाउने अवस्थाको सामना गर्नु पर्ने जस्ता अनेक समस्या व्यहोर्नु परेको छ। नेपाली नक्सामा प्रकाशित भैसकेको लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालले नै भोग चलन गर्न नपाउने अवस्थाबाट हामी गुज्रिरहेका छौं। अहिले सम्म यी र अन्य राष्ट्रिय स्वाधीनता सम्वन्धि समस्याहरू ज्युँ का त्युँ कायमै छन्, समाधान गर्न सकिएको छैन।

ठिक यसै समयमा विश्वकै शक्तिशाली अमेरिकी साम्राज्यवाद ५० करोड अमेरिकी ‘सहयोग’ दिने भन्ने नाममा हिन्द प्रशान्त रणनीति अन्तर्गतको एम् सी सी परियोजना लिएर नेपाल भित्रिएको छ। गत फागुन १५ गते नेपालको संसद र सरकारमा भएका ४ दलीय गठवन्धन र प्रतिपक्षमा भएको एमाले मिलेर राष्ट्रघाती एम् सी सी सम्झौतालाई तामझामका साथ संसदको बाटो गरी नेपाल प्रवेश गराएका छन्। यसैगरी एम् सी सीको कोसेली लिएर युक्रेन पसेको अमेरिकाले युक्रेनलाई नेटोको सदस्य बनाउने कसरत गरे पछि यसैलाई कारण देखाई रुसको आक्रमणको निसानामा परेको घटनाबाट नेपालीहरू तरंगित भएका छन्। विदेशमा घटेका महत्वपूर्ण घटनाहरूमा महिनौं सम्म कुनै प्रनिकृया नदिई बस्ने नेपालले संयुक्त राष्ट्र संघको मानव अधिकार सम्वन्धी संगठनले राखेको प्रस्तावमा संसदबाट एम् सी सी पारित गरेको दुई हप्ता पनि नवित्दै रुसको विरोधमा रुसको बिरोधमा मतदान गर्ने काम भयो। यसमा नेपाललाई उन्प्रेरित गर्ने जो बाइडेन नेतृत्वको अमेरिकी सरकार र एम् सी सी हो भन्ने धेरैको भनाई छ।

उत्तर तिरको छिमेकी देश चीनका विदेशमन्त्रीको नेपाल भ्रमणका सन्दर्भमा नेपालले समर्थन गरिसकेको बी आर आइ को विषयमा चर्चा नै नहुनु, चीनले अमेरिकाव्दारा नेपाल माथि जबर्जस्तीको कुटनीति लादेको र त्यसको आफुले विरोध गर्ने सार्वजनिक अभिव्यक्ति दिनु, एम् सी सी हिन्द प्रशान्त रणनीतिको अंग भएको विचार व्यक्त गर्नु र चीनीयाँ विदेश मन्त्री नेपाल आएकै अवसर पारेर अमेरिकी राजदुतको अगुवाईमा युरोपियन युनियनका राजदुतहरूले काठमाडौं स्थित तिब्बती शरणार्थीलाई भेटेर उनीहरूको अवस्था सुधारको विषय उठाउनु आदिले एम् सी सी ले नेपालमा आफ्नो करामत देखाउन सुरु गरिसकेको बौद्धिक जगतमा व्यापक चर्चा चलिरहेको छ। यसका साथै अमेरिका र चीनको टक्करका निमित्त नेपाली भूमिको प्रयोग हुन सक्ने संभावनाबारे पनि धेरैले अड्कल काटेका छन्।

राष्ट्रघाती एमसीसी सम्झौता खारेजीको विषयलाई लिएर करिव दुई वर्षसम्म हामीले नेपालका वामपन्थी र देशभक्तहरूसँग कार्यगत एकता गर्दै निरन्तर साना ठुला विरोधका कार्यक्रमहरू संचालन गऱ्यौं। संसदमा अनुमोदन गर्नका लागि टेबुल गरि हाल्ने र पारित गरिहाल्ने के पी ओली र शेर बहादुर देउबाका प्रयास धेरै पटक असफल पारिएको थियो। गठवन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउबाले एम् सी सी संझौता संसदबाट अनुमोदन गराएरै छाड्ने भन्ने योजना प्रस्तुत गरे पछि काठमाडौंको नयाँ बानेश्वरमा सप्ताह व्यापी संसद घेराउ गर्ने आन्दोलन भयो। आन्दोलनकारी र प्रहरी र सशस्त्र प्रहरीका वीचमा लगातार भिडन्त भै रहेको थियो। सरकार निर्मम दमनमा उत्रिएको थियो। दमनकै उत्कर्षमा गठवन्धन दल ने का, मा.के, एस र जनता समाजवादीका साथै एमालेको मिलेमतोमा फागुन १५ गते राती एम् सी सी संझौता पारित भएको घोषणा गरियो संसदबाट। राष्ट्रघाती एम सी सी सम्झौता खारेज हुनै पर्छ भन्ने जनमतलाई कुल्चँदै संसदबाट जबर्जस्ती पारित गरिएकोमा देशभक्त नेपाली जनतामा ठुलो आक्रोस अझै पनि कायम छ।

यो आक्रोसलाई क्रान्तिको तयारीमा बदल्नु यतिखेरको पहिलो आवश्यकता हो। आज राष्ट्रका अगाडि उपस्थित समस्या राष्ट्रिय स्वाधीनता सम्वन्धी राष्ट्रघाती एम् सी सी सम्झौताको खारेजी र नेपालको नक्सामा अंकित लिम्पियाधुरा, कालापानी र लिपुलेक भारतको नियन्त्रणबाट फिर्ता गर्नु हो। हुनत नेपालको अर्थतन्त्र धरासायी हुने र यसले श्री लंकाको बाटो समात्न सक्ने खतरा तिर पनि विज्ञहरूले संकेत गरिसकेका छन्। यी विषयहरूको समाधान तिर अग्रसर हुनुको सट्टा प्रतिकृयावादी र अवसरवादीहरू यहि प्रतिकृयावादी व्यवस्थाको चुनावलाई मुख्य बनाउने कसरत गरिरहेका छन्। कथित स्थानीय निकायको चुनावलाई खारेज गरी नेपालको राष्ट्रिय स्वाधीनता बचाउन र नेपाललाई सम्पन्न राष्ट्र बनाउनका निमित्त अर्को जन आन्दोलनको बाटो रोजौं।

*२०७८/१२/२२*

## असफल...

शर्माले भनेका थिए, “नेपाललाई श्रीलंकासँग तुलना गर्नै मिल्दैन। कहाँ हाम्रो त्यो अवस्थामा पुगेको छ र ? कतिपयलाई भने नेपालको अर्थतन्त्र श्रीलंकाजस्तो बनाउने रहर छ, तिनको सपना पूरा हुँदैन। राष्ट्र बैंकसँग सूचना माग्यो सूचना दिँदैन तर बोर्ड सदस्यहरू नै नीति चुहावट गर्छन्। हाम्रो ऋण र उत्पादनको अवस्था, विदेशी लगानी, ऋण सहायतालगायत तथ्यांक हेर्‍यौं भने श्रीलंकासँग तुलना नै हुन सक्दैन।”

अर्थमन्त्री शर्माले क्रिप्टोकरेन्सी, हाइपर फन्डलगायतका कारण नेपालबाट ‘क्यापिटल फ्लाई’ भइरहेको सूचना आफूले पाँच महिनाअघि नै थाहा पाएर राष्ट्र बैंकलाई जानकारी गराएको बताए। तर, यो समस्या समाधान गर्न उचित कदम चाल्न नसक्दा अहिले अवैध रूपमा पैसा बाहिरिन थालेको उनको आरोप थियो।

गभर्नर अधिकारीका अनुसार नेपालबाट भित्रिने विदेशी मुद्राको तुलनामा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढी हुँदा सोधनान्तर घाटा चुलिएको छ। अत्यधिक आयात, रेमिट्यान्स वृद्धि हुन नसक्नु, विदेशी ऋण अनुदान, विदेशी लगानी अपेक्षाअनुसार नआउनुले नेपालको अर्थतन्त्र संकटमा पुगेको छ। आरोप र तथ्यहरूलाई हेर्दा सत्तारुढ गठबन्धन र प्रतिपक्षमा बसेको एमाले लगायत सबै संसदवादी दलहरू भ्रष्टाचार र कमिसनमा चुर्लुम्म डुबेका छन् र देशलाई आर्थिक संकटको अँध्यारो सुरुङतर्फ धकेलिरहेका छन्।

प्रतिपक्षी दल एमालेले आइतबार पत्रकार सम्मेलननै गरेर पार्टीका तीन अर्थमन्त्री विष्णु पौडेल, सुरेन्द्र पौडेल र युवराज खतिवडाले संयुक्त रूपमा विज्ञप्तिसहित सत्तागठबन्धनका विरुद्ध संगिन आरोपहरू लगाएको छ।

उनीहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “सरकारका मन्त्रीहरूले विवादास्पद अभिव्यक्ति दिने, कमाउ धन्दामा लिप्त हुने, स्वार्थ नमिले कर्मचारीमाथि जाइलाग्ने, ठेक्कापट्टामा सेटिङ गर्ने र सरकारी निकायहरूबीच सामान्य समन्वय पनि नगर्ने हरकतका कारण समेतले अर्थतन्त्र संकटको मोडमा पुगिसकेको छ।” उनीहरूले दावी गरेका छन्, “मन्त्रीहरूले निर्वाचनका लागि स्रोत चाहियो भनेर खुलमखुला घुस मागिरहेको सुनिन्छ।”

उनीहरूको आरोप छ, “गठवन्धन सरकार आएपछिको मूल्य बृद्धिदर अघिल्लो सरकारका बेलामा भन्दा दोब्बर भएको छ। खाद्यान्न, घ्यू तथा तेल, यातायात, जस्ता आधारभूत आवश्यकताका वस्तु र सेवाको मूल्य आकाशिएको छ। यो सरकार आएपछि पेट्रोलियम पदार्थको मूल्य ५० भन्दा बढी प्रतिशतले बढाइएका कारण ढुवानी तथा आवागमन, यातायात सेवाको लागत र उपभोग्य वस्तुको मूल्य अचाक्ली बढ्न गई सर्वसाधारणको जनजीवन अत्यन्त कठीन घडीमा पुगेको छ। मूल्य अनुगमन नगर्दा जथाभावी मूल्यवृद्धि गर्ने र कृत्रिम अभाव सिर्जना गर्ने काम भइरहेको छ। सरकारले बजारलाई छाडा छोड्दा र सरकारले लिएको गलत आर्थिक नीतिकै कारण निर्माण सामाग्रीको मूल्य अस्वभाविक रूपमा बढेको छ। यसवाट सार्वजनिक तथा निजी क्षेत्रको विकास निर्माण अचाक्लि महंगो हुँदै गएको छ। सरकारले यसको समाधानतर्फ सिन्को भाँचेको छैन। आमजनता देश कुन दिन श्रीलंकाको अवस्थामा पुग्नुपर्ने हो भनेर चिन्तित छन्।”

उनीहरूले अर्थतन्त्रको आँकडा प्रस्तुत गर्दै भनेका छन्, “यो आर्थिक वर्ष देशको आयात अनियन्त्रित रूपमा बढेर ८ महिनामा नै करिब रु. १५ खर्ब पुगिसकेको छ। अहिलेको प्रवृत्ति कायम रहे वर्ष भरी मा रु. २२ खर्बभन्दा बढीको आयात हुने स्थिति छ। तर, बढ्दो आयातले उपभोग बढाउने कामबाहेक उत्पादनमा कुनै योगदान गरेको छैन। वैदेशिक व्यापार घाटा देशले धान्नै नसक्ने गरी अकाशिएको छ। अघिल्लो वर्ष ८ महिनाको अवधिमा रु. ८६३ अर्ब व्यापार घाटा भएकोमा यो सरकारको पालामा सोही अवधिमा व्यापार घाटा रु. ११६१ अर्ब पुगिसकेको छ। यस्तै प्रवृत्ति कायम रहे यो आर्थिक वर्षको अन्त्यसम्ममा व्यापार घाटा रु. २० खर्ब नाघ्ने र यो कुल गार्हस्थ उत्पादनको ४५ प्रतिशत नाघ्ने भयावह परिदृष्य हाम्रा सामु छ।”

‘अवैध कारोवार र हुण्डी फस्टाएका कारण औपचारिक माध्यमवाट विप्रेषण नआएको कारण देशको बाह्य कारोवारमा चालू खाता घाटा आर्थिक वर्षको पहिलो ७ महिनाको रु. १०४ अर्बको तुलनामा ४ गुणाले बढेर रु. ४ खर्ब १४ अर्ब पुगिकेको छ। अहिले ८ महिनामा नै यो घाटा कुल गार्हस्थ उत्पादनका १० प्रतिशत पुग्ने देखिएका कारण अर्थतन्त्र गम्भीर मोडमा पुगेको अवस्था छ।’ विज्ञप्तिमा भनिएको छ, “फागुन महिनासम्ममा नै भुक्तानी घाटा रु. २६० अर्ब भइसकेको अनुमान छ। असारसम्ममा यो घाटा रु. ४ खर्ब पुग्ने डर छ। यो सरकार देशको आर्थिक इतिहासमै सर्वथा वढी भुक्तानी घाटा सिर्जना गर्दैछ। विदेशी मुद्रा सञ्चितिमा पहिरो गइरहेको छ। अघिल्लो बर्ष मुद्रा सञ्चिति रु. १४ खर्ब माथि रहेकोमा यो सरकार बनेको ८ महिनाको अवधिमा नै सो सञ्चिति झण्डै रु. ३ खर्बले घटिसकेको अनुमान छ। यो घट्ने क्रम अहिले रोकिने संकेत छैन। बाह्य क्षेत्र कारोवारको यही क्रम कायम रहे विदेशी मुद्रा सञ्चितिमा थेग्नै नसक्ने चाप पर्ने निश्चित छ।”

हुण्डी, तस्करी, घुसखोरी, राजस्व चुहावट र कमिसनतन्त्र मौलाउदै जांदा अर्थतन्त्रवाट पैसा हराउँदै गएको भन्दै उनीहरूले भनेका छन्, “बैंकहरूको चुक्ता पुँजीमा अकस्मात ४ गुणाले ठूलो वृद्धि गरिए पश्चात धेरै लगानी गर्न वैकहरू आक्रमक हुन थालेका र बजार ओगट्ने अस्वस्थ्य प्रतिस्पर्धाका कारण पूजीको लागत मूल्यमा भन्दा कम दरमा कर्जा प्रवाह हुन थालेकाले कर्जाको अस्वभाविक वृद्धि भयो। तर उत्पादनमा कुनै सकारात्मक प्रभाव परेको देखिएन। अहिले बैंकमा लगानी योग्य रकम नै वांकी रहेन। घर जग्गा र शेयर वजारको उच्च मूल्यसँगै बैंकिङ प्रणालीवाट बाहिर गएको रकम बैंकमा फर्कन सकेन। राजस्व छली लगायत क्रिप्टो मुद्रा, हाइपर फन्ड, डिजिटल सम्पत्तिलगायतका क्षेत्रमा पछिल्लो समयमा अवैध रूपमा लगानी भइरहँदा पनि सरकारले नजरअन्दाव गरिरह्यो। हुण्डीवालालाई कार्वाही गर्न सकेन। कर छली, भ्रष्टाचार, कमिसन र कालो धन्दाको रकम बैंकमा आउने कुरै भएन। सरकारले ९ महिना बित्न लाग्दा पनि २६ प्रतिशतभन्दा बढी पुँजीगत खर्च गर्न सकेको छैन। चालु खर्च भने ५७ प्रतिशत पुगिसकेको र खर्चमा मितव्ययिता ल्याउने प्रयास नगर्दा असारसम्ममा बार्षिक बजेट अनुमान नाँघ्ने अवस्था देखिँदै छ।”

विज्ञप्तिमा दाबी गरिएको छ, “यो सरकार भू-माफिया, काला-व्यापारी र तस्करहरुको चंगुलमा फँसेको छ। सकार औपचारिक व्यापार बढाउनभन्दा अनधिकृत व्यापार-व्यवसायलाई प्रोत्साहन दिँदै देशको बाह्य क्षेत्र कारोवारलाई ध्वस्त पार्न उद्दत छ। अघिल्लो वर्षको भन्दा सयौं गुणा वढी सुपारी, केराउ, सुन, चाँदी जस्ता वस्तु आयात गरी अवैध व्यापार गराउने ध्येय सरकारले राखेको देखिन्छ। व्यापारमा विचलन वढ्दै गएको छ। सरकारकै संरक्षणमा हुण्डी फस्टाएको छ। विदेशी मुद्रा सटहीमा अनौपचारिक क्षेत्रमा चलेको वट्टादरबाट नै यो छर्लंग हुन्छ। बैदेशिक रोजगारीमा जानेको संख्या पछिल्ला ८ महिनामा ह्वात्तै बढे पनि विप्रषण आप्रवाह घट्नुको कारण हुण्डी मौलाउनु नै हो। सरकार संरक्षित तस्करी, कालोवजारी, आवश्यक उपभोग्य वस्तुको अस्वभाविक मूल्य वृद्धि, चुलिँदो व्यापार तथा भुक्तानी सन्तुलन घाटा, सीमित उद्योगी-व्यापारीको हितमा राजस्व तथा व्यापार नीतिको प्रयोग र चुलिँदो आर्थिक संकटप्रति अर्थमन्त्रीको वेवास्ता र अज्ञानताका कारण आम लगानीकर्ता, उद्योग-व्यवसायीदेखि सर्वसाधारण उपभोक्ता सबैले यो सरकारप्रति कुनै आशा-भरोसा राख्न सकेका छैनन्।”

एमालेका पूर्वअर्थमन्त्रीहरूले लगाएका यी आरोप उनीहरूको कार्यकालका विशेषता हुन्। समग्रमा यो पूर्णरूपमा असफल भइसकेको संसदीय व्यवस्थाको अनिवार्य परिणति र विशेषता हो। संसदीय व्यवस्थामा जुनसुकै व्यक्ति र दलले सरकारको नेतृत्व गरे पनि हुने यही र यस्तै हो। यो व्यवस्था, सत्ता र संविधान रहेसम्म श्रीलंकाली जनताले जस्तै आर्थिक संकटको भुक्तभोगी नेपाली जनता पनि हुनुपर्ने देखिदै गएको छ। संकट मोचनका लागि जनताले व्यवस्थामाथि हस्तक्षेप, धावा बोल्न जरुरी छ। र, यो भ्रष्ट, निकम्मा र नालायक व्यवस्था बदलेर जनताको जनमुखी राज्यव्यवस्थाको स्थापना गर्न जरुरी छ। संसदीय व्यवस्थामा उत्पन्न संकटले मुलुकलाई त्यसै दिशातिर डोऱ्याउँदै लगेको छ।

**यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृस्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## आलोपालो

# निर्वाचन, चम्पादेवी र हाम्रो दृष्टिकोण

**चम्पादेवी हाम्रो प्रिय जन्मभूमि, हाम्रो गौरव, हाम्रो जीवनपथ र लक्ष्य निर्देशित गर्ने ज्ञान-आलोक हो । त्यहाँका जनता हाम्रा सर्वोच्च गुरु र कुशल न्यायाधीश हुन् । हामी एक योद्धा अतिरिक्त असल जनसेवक हौं । समाज र जनताको जीवन बदल्ने, जनतालाई यो शोषण-उत्पीडनको पहाडबाट मुक्त गर्ने, यो अँध्यारोबाट मुक्त गर्ने हाम्रो अटुट प्रतिज्ञा छ**



● बसन्त बोगटी ●

***निर्वाचन र प्रतिक्रियावादी पार्टीको सवाल !***

गठबन्धन सरकारले ३० वैशाख, २०७९ मा स्थानीय निर्वाचन गर्ने हल्ला गरेको छ । यससँगै सामन्त, दलाल तथा नोकरशाही पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने संसदवादी पार्टीहरु पुनः भ्रम र षड्यन्त्रका जाल बिच्छ्याउन सक्रिय छन् । तर यसपटक उनीहरुका आचार-अनुहार महँङ्गी-भ्रष्टाचार, हत्या-बलात्कार, जन-राष्ट्रघातले विकृत, कुरुप र दण्डलायक मात्रै होइन जनताको बीचमा नाङ्गो भएका छन् । अर्कोतिर, यस बखत नेपाली जनता-राष्ट्र यसप्रकारको कुरुप व्यवस्था र लुटका विरुद्ध, कथित दलीय गोलचक्करका विरुद्ध संगठित-आन्दोलित हुँदै गएका छन ।

***चम्पादेवी, जनताको सवाल र हाम्रो दृष्टिकोण !***

चम्पादेवी हाम्रो प्रिय जन्मभूमि, हाम्रो गौरव, हाम्रो जीवनपथ र लक्ष्य निर्देशित गर्ने ज्ञान-आलोक हो । त्यहाँका जनता हाम्रा सर्वोच्च गुरु र कुशल न्यायाधीश हुन् । हामी एक योद्धा अतिरिक्त असल जनसेवक हौं । समाज र जनताको जीवन बदल्ने, जनतालाई यो शोषण-उत्पीडनको पहाडबाट मुक्त गर्ने, यो अँध्यारोबाट मुक्त गर्ने हाम्रो अटुट प्रतिज्ञा छ । जुन प्रतिज्ञा क्रान्तिको सुन्दर मार्ग कोर्दै हजारौं चुनौतीको सामना गर्न तयार सचेत संगठित पार्टी र योद्धाहरुको अनवरत समर्पण-वलिदान एवं जनताको उत्साहपूर्ण सहभागिताले मात्रै पुरा हुन सम्भव छ ।

यसकारण, यसपटक चम्पादेवी एवं सिङ्गै देश प्रतिक्रियावादी निर्वाचन बहिष्कार, विद्यमान राज्य-व्यवस्थाको अन्त्य एवं सर्वहारा जनाधिनस्थ राज्य-व्यवस्था स्थापनाको पक्षमा दृढतापूर्णक उभिनुपर्छ । अनि मात्रै सयौं वर्षदेखि शासकहरुको बर्बर सत्ताको जाँतोबाट रक्तमुच्छेल चम्पादेवी मुक्त हुनेछ । हामी मुक्त गर्नेछौं ! चम्पादेवीमा मुक्ति, समानता र समृद्धिको बिहान उदाउनेछ । कथित शासक वर्गलाई चिहानमा दफन गर्न सम्भव हुनेछ ।

# त्रिभुवन क्याम्पस बेलाटारीमा अखिल क्रान्तिकारीको संगठन विस्तार !



नवलपरासी- पश्चिम नवलपरासीको प्रतापपुरस्थित बेलाटारीमा रहेको त्रिभुवन क्याम्पसमा नेकपा(क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले शुक्रवार ईकाई भेला गरेर संगठन विस्तार गरेको छ ।

क्याम्पसका रोशनी पाण्डेको अध्यक्षतामा २५ सदस्सीय ईकाई समिति गठन गरेको अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य मनोज थापाले जानकारी दिनुभयो । उहाँका अनुसार समितिको उपाध्यक्षमा सोनु यादव, सचिवमा प्रियंका गुप्ता, सहसचिवमा ईशा तामाङ,कोषाध्यक्षमा एकता कुर्मी निर्वाचित हुनुभएको छ ।

त्यस्तै सदस्यहरुमा बविता गौतम ,अपसाना खातुन,सकुन्तला हरिजन ,अमरावती सिंह क्षेत्री, अमृता कोइरी, बिन्दु कुमारी गुप्ता , मेराज मियाँ, राजमती हरिजन,खुसी क्षेत्री , औसनी गुप्ता, सकिना दर्जी, अंशु बिन, सुमन बिक ,सन्तोष मुसहर, दिपक कानु,ममता कुमारी महतो ,रंजना कुमारी चौधरी,माया यादव,हरिनारायण सिंह क्षेत्री रहनुभएको छ ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका महासचिव रवि पाण्डेय र अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य मनोज थापाले समसामायिक बिषय र निर्वाचन बहिस्कारबारे मन्तब्य राख्नुभएको थियो ।

# बिद्यार्थी र महिलाले गरे स्थानीय निर्वाचन बहिष्कारको आब्हान




नवलपरासी - पश्चिम नवलपरासीमा क्रान्तिकारी माओवादीनिकट अखिल(क्रान्तिकारी) र अनेमसंघ ( क्रान्तिकारी)ले छुट्टाछुटै भेला आयोजना गरेर कथित स्थानीय निर्वाचन बहिष्कार गर्दै भष्ट्राचार, बिकृति बिसंगति, महंगी, बलात्कार एंव शैक्षिक नीजिकरण र माफियाकरणको भण्डाफोर गरेका छन् ।


## नयाँ बर्ष २०७९

**अवसरमा सम्पूर्ण नगरवासी तथा परिवारहरूमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाहा,बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**चन्द्र कुमारी पुन**
प्रमुख

**राकेश गुरुङ**
प्रमुख प्रशासकीय अधिकृत

**प्रेम शंकर मर्दनीया थारु**
उपप्रमुख

## कावासोती नगरपालिका परिवार

शिवमन्दिर पूर्वी नवलपरासी, मो.नं. ९८४३७६७९१५

## आगलागीबाट सावधानी अपनाऔं

**निम्न कारणबाट आगलागी हुनसक्छ,**

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

## तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न नसकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्

**मेट्रो काठमाडौं ग्या...स इण्डस्ट्रिज लिमिटेड**
जुंगेखोला धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन नं. ४२८६८१६, सनाईज बैंक रहेको भवनको माथिललो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु


**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।